मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily


यसकारण चिसोमा
खानुपर्छ सुन्तला: पृष्ठ ५



◆ वर्ष : २५ ◆ अङ्क : ७ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ मंसीर ७ गते शनिवार (Saturday, November 23. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## 'बिर्तामोड-भद्रपुर सडक निर्माणमा तीब्रता नदिए आन्दोलन गर्छौं'

**बिर्तामोड, मंसीर ६।** वायु प्रदूषणका कारण नेपालमा प्रतिवर्ष दुई हजारका दरले मृत्युदर बढिरहेको एक तथ्यांकले देखाएको छ। विश्व स्वास्थ्य संगठनले सार्वजनिक गरेको प्रतिवेदन अनुसार नेपालमा वायु प्रदूषणका कारण वार्षिक ३५ हजारको मृत्यु हुने गरेको र सो संख्या वार्षिक दुई हजारका दरले बढ्दै गइरहेको इन्स्टीच्युट अफ एड्भान्स सस्टेनबलेटी स्टडिज (आइएएसएस) ले जनाएको छ।

८०देखि ९० प्रतिशत धुलो र धुवाँका कारण नै मानिसको मृत्यु भइरहेको विभिन्न तथ्याङ्कहरुमा उल्लेख गरिएको छ। मानिसको मृत्युदर बढिरहेको अवस्थामा नेपालमा वायु प्रदूषण पनि बढ्ने क्रममा रहेको छ। विकास निर्माणका कामले तीब्र रुपमा गति लिन नसक्दा धुलोका कारण धेरैले श्वासप्रश्वास सम्बन्धी समस्या भोल्नुपरेको छ।

झापाको बिर्तामोड-भद्रपुर सडकखण्ड अन्तर्गत चार किलोमिटर सडक निर्माणका ठेकेदार कम्पनीले चरम लापरवाही गर्दा आफूहरुको व्यवसाय चौपट्ट भएको र धुलो, धुँवा प्रदूषण र सडकमा भएको खाल्डाखुल्डीका कारण आवतजावतमा समस्या भएको बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईले बताए।

अध्यक्ष भट्टराईले बिर्तामोड-भद्रपुर सडक खण्ड निर्माणमा निर्माण व्यवसायीले ढिलासुस्ती गरेको भन्दै बिर्तामोडका व्यवसायी आन्दोलित बन्नु परेको उल्लेख गरे। उनले सडक निर्माणमा ढिलाइ गरे सशक्त आन्दोलन गर्ने चेतावनी समेत दिए। आशिष प्रेरा जेभी काठमाडौंले २७ करोड रुपैयाँमा सडक निर्माणको ठेक्का लिई २०७६ पुस मसान्तसम्ममा निर्माण सम्पन्न गर्ने गरी सडकको निर्माण कार्य शुरु गरिएको थियो। तर, निर्माण कम्पनीले समयमा सडक निर्माण नगर्दा



व्यवसायीहरुले सडक निर्माणलाई चाँडो सम्पन्न गर्न माग गर्दै बिरोध स्वरुप सडकमा नै धान रोप्नुका साथै एक घण्टा चक्का जाम गरेर बिरोध गरेका थिए। बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष भट्टराईले बैंकको चर्को ब्याजदरमा महंगो घर भाडा तिरेर व्यापार व्यवसाय सञ्चालन गरिरहेका व्यवसायी सडकको अवस्थाका कारण पलायन हुनुपर्ने अवस्था सृजना भएको बताए। उनले सडककै कारण व्यवसायीहरु फोक्सोको समस्याले ग्रसित भएको बताए। उनले निर्माण व्यवसायीले तत्काल कामलाई तीब्रता नदिए स्थानीय सरकार, प्रदेश सरकार र सडक विभागले ठेकेदारलाई सडकमा उभ्याउन नसके व्यवसायीहरु जस्तोसुकै आन्दोलन गर्नपछि नहट्ने चेतावनी दिए।

बिर्तामोडदेखि सदरमुकाम चन्द्रगढी जोड्ने सडकको अढाई किलोमिटर निर्माणाधीन रहेको छ। यो सडकखण्डलाई चार लेनको बनाउने गरी काम शुरु भएको थियो। सम्झौता अनुसार सडक निर्माणको काम पुस मसान्तभित्रै सम्पन्न गर्नुपर्ने भए पनि अहिलेसम्म सडक किनाराको दायाँ-बायाँ नाला बनाउने कार्य पनि पूरा भएको छैन। सडक डिभिजन कार्यालय झापाले १८ महिनाभित्र बिर्तामोड-भद्रपुर सडकको चार किलोमिटर खण्ड निर्माण पूरा गर्ने गरी आशिष प्रेरा जेभीसँग गत वर्ष २४ असारमा ठेक्का

१६०० गोरुगाडाको चक्का संकलन

# एशियाकै नमूना पार्क बनाइने

**बिर्तामोड, मंसीर ६।** सबैभन्दा पुरानो यातायातको साधन हो- गोरुगाडा। आविष्कारको दुनियाँमा वैज्ञानिकहरुले विभिन्न यन्त्र उपकरणहरु आविष्कार गर्ने क्रममा सन् १८८४मा एडवर्ड बटलरले इङ्लेण्डमा मोटरसाइकलको आविष्कार गरेसँगै सवारी साधनको रुपमा यान्त्रिक उपकरणहरुको विकास भएको मानिन्छ। विश्वमा मोटरगाडीको धेरै पहिला आविष्कार भएर प्रयोगमा आए पनि नेपालमा भने मोटरगाडी जंगबहादुर राणाले भित्र्याएका हुन्। त्यसको दशकौंपछि मात्रै नेपालमा सर्वसाधारणको पहुँचमा मोटरगाडी आएको हो।

जतिबेला तराईमा मोटरगाडीको चलन आइसकेको थिएन, त्यो बेला सामान ढुवानीका लागि गोरुगाडा वा राँगागाडाको विकल्प थिएन्। हरेक किसान र व्यापारीसँग गाडा हुन्थे। किसानहरु खेतमा गोबर मल लैजान, पाकेको बाली भित्र्याउन यिनी गाडाको प्रयोग गर्थे। यात्रा गर्दा समेत गोरुगाडी, राँगागाडीको प्रयोग हुन्थ्यो। पहिला-पहिला बिहेमा जन्ती लैजान र बेहुला-बेहुली बोक्न समेत गोरुगाडीको प्रयोग गर्ने चलन थियो।

अहिले प्रविधिको विकासले चलन फेरिएको छ। गोरुगाडा वा राँगागाडा अब इतिहास भइसके। मोटरसाइकल, कार, जिप, बस, ट्रक हुँदै बिभिन्न सवारी साधन सहज रुपमा उपलब्ध हुन थालेको छ। यो सँगै जनावरले तान्ने गाडीहरु प्रायः लोप भएका छन्। राँगागाडी वा गोरुगाडी बनाउने कालीगढको समेत अहिले अभाव छ। त्यस्तै गोरुगाडा बनाउने काठ समेत सहजै उपलब्ध हुँदैन। जसका कारण दिनानुदिन विश्वकै पुरानो सवारी साधन गोरुगाडा लोप हुँदै गएको छ। तर, लोपोन्मुख अवस्थामा रहेको गोरुगाडाको चक्काको अहिले संरक्षण थालिएको छ।

झापाको बिर्तामोडका युवा व्यवसायी रोशन प्रसाईले गोरुगाडाको चक्का संरक्षण गर्न थालेका छन्। उनले नेपालको मात्र नभई विश्वकै पुरानो सवारीको साधनका रुपमा रहेको गोरुगाडाको चक्का संरक्षण गर्दै बिर्तामोडमा नेशनल पार्क बनाउने उद्देश्य लिएका छन्। २०७२ सालबाट गोरुगाडाको चक्का संरक्षण गर्दै आएका उनले अहिलेसम्म झण्डै १६ सय



बिगाह क्षेत्रमा नेशनल पार्क बनाउने प्रसाईले बताए। उनले भने- 'बिर्तामोड- ५ र अर्जुनधारा-६ देवी वस्तीमा पार्क निर्माण थालिएको छ। अहिले सानो संसार हाउजिङ नजिकै पार्क निर्माण भइरहेको छ। 'द नेशनल गार्डेन अफ नेपाल' नाम दिएर निर्माण थालिएको पार्क निर्माणका लागि झण्डै तीन करोड रुपैयाँ लाग्ने बताइएको छ। पार्क निर्माणका लागि संस्थापकका रुपमा रोशन प्रसाई, आयुषमान केशरी प्रसाई लगायतले काम अघि बढाएको बताइएको छ।

नेशनल पार्क निर्माणसंगै आन्तरिक तथा बाह्य पर्यटक आगमनमा सहयोग पुग्ने बताइएको छ। झापालाई दक्षिण एशियाकै उत्कृष्ट पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने लक्ष्यसहित पार्क निर्माण गरिएको र पार्कमा दुई सय बर्ष भन्दा पुराना गोरुगाडीका चक्का राखेर झापाको नाम विश्वसामु चिनाउने प्रयास छ- प्रसाईले भने- 'नेशनल पार्कमा राखिने

पार्कमा राखिने चक्का झापासहित पूर्वी नेपालको तराईका जिल्लाबाट संकलन गरिएको हो- उनले भने- झापा, मोरङ र सुनसरीबाट प्रायः सबै पुराना चक्का संकलन गरिसकिएको छ। केही छिटफुट रुपमा रहेका छन् भने पनि हामीलाई खवर गर्नासाथ खरिद गरेर ल्याउँछौं। 'पार्कमा राखिने सबै चक्काहरु पुराना छन्। मादल खिएर सानो भएका छन्। म आफैं यो विषयमा रिसर्च गरिरहेको छु'- प्रसाईले भने- 'यहाँ भएमध्येको सबैभन्दा पुरानो चक्काको ल्याब परीक्षण गर्दै गिनिज बुकमा नाम राख्ने तयारी थालिएको छ।'

प्रयोगविहीन भएर फ्यालिएका चक्का सात हजार रुपैयाँसम्ममा खरिद गरेर ल्याएको र सबै चक्कालाई पार्कमा इञ्जिनियरको डिजाइनमा नयाँ रुप दिने तयारी थालिएको प्रसाईले बताए। उनले भने - हामी कहाँ इञ्जिनियर पनि आइसक्नु भएको छ। म यही विषयमा अनुसन्धान गरिरहेको



## बाह्रदशीम… बिज्ञान प्रद…



**बिर्तामोड, मंसीर ६।** वाह्रदशी गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाले शुक्रवार विज्ञान प्रदर्शनी गरेको छ। वालवालिकामा रहेको अन्तरनिहीत प्रतिभालाई प्रस्फुटन गर्ने उद्देश्यले पालिकास्तरीय बिज्ञान प्रदर्शनीसहित नृत्य प्रतियोगिता सम्पन्न गरेको हो।

गाउँपालिकाभित्र रहेका ३० वटा सामुदायिक र संस्थागत विद्यालयले प्रदर्शनीमा भाग लिएका लिएको गाउँपालिकाका शिक्षा शाखा प्रमुख ज्ञानबहादुर पौडेलले जानकारी दिए। उनका अनुसार कक्षा १- ५, कक्षा १-८ र माध्यमिक तह गरी तीन तहमा बिद्यार्थीबीच प्रतिस्पर्धा गराइएको हो।

कार्यक्रमको उद्घाटन बाह्रदशी गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशीले गरेका थिए। सो समारोहमा गाउँपालिका उपाध्यक्ष रत्नाकुमारी राजवंशी, प्रमुख प्रशासकीय अधिकृत राजेन्द्रप्रसाद दाहाल लगायतले बोलेका थिए। बाह्रदशी गाउँपालिकाको सामाजिक

### एशियाकै ...

पार्क बन्छ। त्यो पनि विश्वको पुरानो सवारीका रुपमा प्रयोगमा आएको गोरुगाडाको चक्काबाट।'

पार्कमा राखिने चक्का पुरानो भए पनि ज्यादै वलियो हुने प्रसाईको भनाइ छ। माटोले समेत नखाने र धमिराबाट जोगाउन सके वर्षौंसम्म सुरक्षित रहने उनको भनाइ छ। उनी भन्छन्- संकलन गरिएका चक्का ट्रिटमेन्ट गरेर राखेपछि दुई सय वर्षसम्म केही हुँदैन।

नेशनल पार्कमा जमिनबाट ८१ फिट अग्लो नेपालको झण्डा राखिने, नेपालको

अध्यक्ष भट्टराईले बिर्तामोड-भद्रपुर सडक खण्ड निर्माणमा निर्माण व्यवसायीले ढिलासुस्ती गरेको भन्दै बिर्तामोडका व्यवसायी आन्दोलित बन्नु परेको उल्लेख गरे। उनले सडक निर्माणमा ढिलाइ गरे सशक्त आन्दोलन गर्ने चेतावनी समेत दिए। आशिष प्रेरा जेभी काठमाडौंले २७ करोड रुपैयाँमा सडक निर्माणको ठेक्का लिई २०७६ पुस मसान्तसम्ममा निर्माण सम्पन्न गर्ने गरी सडकको निर्माण कार्य शुरु गरिएको थियो। तर, निर्माण कम्पनीले समयमा सडक निर्माण नगर्दा निर्माणाधीन सडको नालामा डुवेर यस अघि बिर्तामोड नगरपालिका-१०की सुमित्रा राईले ज्यान समेत गुमाउनु परेको थियो।

बिर्तामोडदेखि सदरमुकाम चन्द्रगढी जोड्ने सडकको अढाई किलोमिटर निर्माणाधीन रहेको छ। यो सडकखण्डलाई चार लेनको बनाउने गरी काम शुरु भएको थियो। सम्झौता अनुसार सडक निर्माणको काम पुस मसान्तभित्रै सम्पन्न गर्नुपर्ने भए पनि अहिलेसम्म सडक किनाराको दायाँ-बायाँ नाला बनाउने कार्य पनि पूरा भएको छैन। सडक डिभिजन कार्यालय झापाले १८ महिनाभित्र बिर्तामोड-भद्रपुर सडकको चार किलोमिटर खण्ड निर्माण पूरा गर्ने गरी आशिष प्रेरा जेभीसँग गत वर्ष २४ असारमा ठेक्का सम्झौता गरेको थियो। यसैबीच आशीष प्रेरा जेभीका विकास मल्ललाई पटक-पटक सम्पर्क गर्दा समेत उनी सम्पर्कमा आउन चाहेनन्।

प्रायः लोप भएका छन्। राँगागाडी वा गोरुगाडी बनाउने कालीगढको समेत अहिले अभाव छ। त्यस्तै गोरुगाडा बनाउने काठ समेत सहजै उपलब्ध हुँदैन। जसका कारण दिनानुदिन विश्वकै पुरानो सवारी साधन गोरुगाडा लोप हुँदै गएको छ। तर, लोपोन्मुख अबस्थामा रहेको गोरुगाडाको चक्काको अहिले संरक्षण थालिएको छ।

झापाको बिर्तामोडका युवा व्यवसायी रोशन प्रसाईले गोरुगाडाको चक्का संरक्षण गर्न थालेका छन्। उनले नेपालको मात्र नभई विश्वकै पुरानो सवारीको साधनका रुपमा रहेको गोरुगाडाको चक्का संरक्षण गर्दै बिर्तामोडमा नेशनल पार्क बनाउने उद्देश्य लिएका छन्। २०७२ सालबाट गोरुगाडाको चक्का संरक्षण गर्दै आएका उनले अहिलेसम्म झण्डै १६ सय भन्दा बढी गोरुगाडाका चक्का संरक्षण गरेका छन्। अझै एक हजारभन्दा बढी गाोरुगाडाका चक्का संरक्षण गर्ने र पाँच थालिएको छ। अहिले सानो संसार हाउजिङ नजिकै पार्क निर्माण भइरहेको छ। 'द नेशनल गार्डेन अफ नेपाल' नाम दिएर निर्माण थालिएको पार्क निर्माणका लागि झण्डै तीन करोड रुपैयाँ लाग्ने बताइएको छ। पार्क निर्माणका लागि संस्थापकका रुपमा रोशन प्रसाई, आयुषमान केशरी प्रसाई लगायतले काम अघि बढाएको बताइएको छ।

नेशनल पार्क निर्माणसंगै आन्तरिक तथा बाह्य पर्यटक आगमनमा सहयोग पुग्ने बताइएको छ। झापालाई दक्षिण एशियाकै उत्कृष्ट पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने लक्ष्यसहित पार्क निर्माण गरिएको र पार्कमा दुई सय बर्ष भन्दा पुराना गोरुगाडीका चक्का राखेर झापाको नाम विश्वसामु चिनाउने प्रयास छ- प्रसाईले भने- 'नेशनल पार्कमा राखिने गोरुगाडीका चक्का सबै सखुवाका छन्, त्यो पनि अहिले बनेका होइन् सबै पुराना।'

सुनसरीबाट प्रायः सबै पुराना चक्का संकलन गरिसकिएको छ। केही छिटफुट रुपमा रहेका छन् भने पनि हामीलाई खवर गर्नासाथ खरिद गरेर ल्याउँछौं। 'पार्कमा राखिने सबै चक्काहरु पुराना छन्। मादल खिएर सानो भएका छन्। म आफैं यो विषयमा रिसर्च गरिरहेको छु'- प्रसाईले भने- 'यहाँ भएमध्येको सबैभन्दा पुरानो चक्काको ल्याब परीक्षण गर्दै गिनिज बुकमा नाम राख्ने तयारी थालिएको छ।'

प्रयोगविहीन भएर फ्यालिएका चक्का सात हजार रुपैयाँसम्ममा खरिद गरेर ल्याएको र सबै चक्कालाई पार्कमा इञ्जिनियरको डिजाइनमा नयाँ रुप दिने तयारी थालिएको प्रसाईले बताए। उनले भने - हामी कहाँ इञ्जिनियर पनि आइसक्नु भएको छ। म यही विषयमा अनुसन्धान गरिरहेको छु। अबको डेढ दुई वर्षभित्रै झापामा दक्षिण एशियाकै नमूना

(बाँकी अन्तिम पृष्ठमा)

पार्क बन्छ। त्यो पनि विश्वको पुरानो सवारीका रुपमा प्रयोगमा आएको गोरुगाडाको चक्काबाट।'

पार्कमा राखिने चक्का पुरानो भए पनि ज्यादै वलियो हुने प्रसाईको भनाइ छ। माटोले समेत नखाने र धमिराबाट जोगाउन सके वर्षौंसम्म सुरक्षित रहने उनको भनाइ छ। उनी भन्छन्- संकलन गरिएका चक्का ट्रिटमेन्ट गरेर राखेपछि दुई सय वर्षसम्म केही हुँदैन।

नेशनल पार्कमा जमिनबाट ८१ फिट अग्लो नेपालको झण्डा राखिने, नेपालको नक्सा बनाइने र त्यो नक्सामा विश्वका एक सयभन्दा बढी फूल फुलाएर सदैव सुन्दर बनाइने तयारी गरिएको छ- प्रसाईले भने। इञ्जिनियर अनुष पराजुलीले बिर्तामोडमा बनिने पार्क देशकै नमूना हुने र सानो संसार हाउजिङसँगै निर्माण हुने पार्कले सिङ्गो हस्पिटालिटी

## 'ग्यासको कृत्रिम अभाव गरे इजाजत खारेज'

**झापा, मंसीर ६।** बजारमा एलपी ग्यासको कृत्रिम अभाव सिर्जना गरी कालोबजारी गर्ने व्यवसायीलाई सरकारले कारबाही गर्ने भएको छ।

पूर्वका बजारमा ग्यासको अभाव भएको भन्दै सर्वसाधारणले गुनासो गरिरहेका बेला नेपाल आयल निगमलाई जानकारी गराएमा निगमले डिपो र कम्पनी दुवैलाई कानूनी कारवाही गरी इजाजत समेत खारेज गर्ने चेतावनी दिएको छ।

देशभर मासिक करिब ३८ हजार मेट्रिक टन ग्यासको माग हुने गरेकामा ४० हजार मेट्रिक टन आयात भइरहेको निगमका निर्देशक वीरेन्द्र गोइतले जानकारी दिए। निगमसँग कात्तिक १५देखि ३० गतेसम्म २० हजार पाँच सय मेट्रिक टन ग्यासको आयात गरेको अभिलेख छ। यही अनुपातमा ग्यास आयात गरिएमा मासिक त्यसको दोब्बर आयात हुनेछ। समग्र मुलुकको मागभन्दा बढी ग्यास आयात हुँदा पनि आपूर्तिमा समस्या पाइएकाले निगमले बजारको सूक्ष्म अनुसन्धानसमेत थालेको छ। अनुसन्धानका क्रममा कुनै पनि डिपोले ग्यासको मौज्दात राखेर उपभोक्तालाई उपलब्ध नगराएको तथा प्रचलित बजार मूल्यभन्दा धेरै पैसा लिएको विषय पुष्टि भएमा डिपोलाई ग्यास बिक्री गर्न नदिने रणनीति निगमले लिएको छ।

निगमले देशभर रहेका ५७ ग्यास उद्योगमार्फत मुलुकको मागअनुसारको ग्यास आपूर्ति गरिरहेको छ। अहिले नेपाल-भारत सीमामा देखिएका विवादका कारण बजारमा ग्यासको अभाव हुनसक्ने मनोविज्ञानले पनि सर्वसाधारणले मौजात गरेकाले आपूर्तिमा केही समस्या हुन गएको निगमले जनाएको छ। कुनै पनि उद्योग तथा डिपोले सर्वसाधारणलाई नियमित वस्तुको आपूर्ति नगरी कृत्रिम अभाव गर्न खोजेको सूचनाका आधारमा अनुगमन तीव्र बनाएको बताइएको छ।

## चोरी गरेर भाग्दै गर्दा पक्राउ

**मोरङ, मंसीर ६।** मोरङको सुन्दरहरैंचा नगरपालिका-९ बुधबारेस्थित राजकुमार बोहोराको घरमा चोरी गरेर भाग्दै गरेको अवस्थामा एक जना पक्राउ परेका छन्।

काठमाडौं नैकाप घर भएका २६ बर्षीय

(बाँकी अन्तिम पृष्ठमा)


## वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस श्री लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. बिर्तामोड- ४ झापाको २३औं वार्षिक साधारण सभा निम्न मिति र स्थानमा गरिने भएकाले संस्थाका सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितीका लागि हार्दिक अनुरोध गर्दछौं।

**साधारण सभा हुने**

स्थान : पाथीभरा सिनेप्लाजाको सभा हल।

समय : बिहान १०:०० बजे।

मिति : २०७६ साल मंसीर १५ गते आइतबार।

साथै यस संस्थामा आवद्ध रहनु भएका शेयर सदस्यका छोराछोरीमध्ये यसै शैक्षिक सत्रको SEE परीक्षामा सबैभन्दा उच्च अंक ल्याउने छात्र १ जना र छात्रा १ जनालाई सम्मान प्रदान गरिने जानकारी गराउँदै सूचना प्रकाशित भएको मितिबाट सात दिनभित्रमा आफ्नो लाब्धांक प्रमाण-पत्रसहित कार्यालयमा सम्पर्क गर्न हुन समेत जानकारी गराउँदछौं।

पुनश्च : कारण बस पत्रमा प्राप्त नभएमा यसै सूचनालाई आधारमानी उपस्थिति जनाइदिन हुन समेत अनुरोध गर्दछौं। साधारणसभामा उपस्थित हुँदा यस संस्थाद्वारा प्रदान गरिएको शेयर सदस्यता परिचय पत्र अनिवार्य लिएर आउनुपर्ने सदस्यहरुलाई जानकारी गराइन्छ।

**कार्यालय सम्पर्क नं : ०२३-५४०७३४**

**लीलाबहादुर बस्नेत : अध्यक्ष**

**श्री लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि.**, बिर्तामोड-४, झापा

**शिखर बचत तथा श्रण सहकारी संस्था लि.को**

## नवौं बार्षिक सधारणसभा हुने बारेको सूचना

यस संस्थाको नवौं बार्षिक साधारणसभा निम्न मिति,स्थान र समयमा सम्पन्न गर्ने सञ्चालक समितिको बैठकले निर्णय गरेको र सदस्यज्यूहरुलाई पत्राचार समेत गरिसकेको छ। यदि कारणबस पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधारमानी साधारणसभामा उपस्थितिका लागि अनुरोध छ।

**मितिः २०७६ मंसीर ९ गते सोमबार**

**स्थानः बिर्तामोड सिटी सेन्टरको सभाहल (पूर्व धर्मकाँटा काँकरभिट्टा रोड)**

**समयः बिहानको ठीक ११ बजेदेखि**

नोटः साधारण सभामा उपस्थितिका लागि पत्र अनिबार्य गरिएको छ। पत्र प्राप्त नहुने सदस्यहरुले २०७६साल मंसीर ८ गतेसम्ममा कार्यालयमा आई पत्र बुझिलिन अनुरोध छ।

**अध्यक्ष**

**शिखर बचत तथा ऋण सहकारी संस्था लि.**

**बिर्तामोड-५, फोन ०२३-५४४३७०**

## पशुपति RMC को उत्पादन अब तपाई हाम्रो शहरमा

के तपाई घर तथा कुनै भौतिक संरचना निर्माण गर्दै हुनुहुन्छ ? घर तथा भौतिक संरचना निर्माणका लागि आवश्यक सिमेन्ट, बालुवा, गिटी खरिद गर्ने झञ्झटबाट मुक्त हुनुहोस्। तपाई हाम्रो शहर बिर्तामोडमा अत्याधुनिक प्रविधिबाट तयार गरिएको गुणस्तरीय ढलान सामाग्री RMC उत्पादन तथा बिक्री वितरण भइरहेकोले उच्चस्तरीय निर्माणका लागि सँधै हामीलाई सम्झनुहोस्। सस्तो शुलभ।




**९८०१४१८७१३**

**पशुपति RMC** बिर्तामोड-२, रामचोक, (झापा)

## कर्मचारी आवश्यकता

पदः **रिसेप्सनिष्ट** - १ जना (महिला)

योग्यताः +२ पास, कम्प्युटरमा ज्ञान भएको, अंग्रेजी लेख्न बोल्न सक्ने

**बजार व्यवस्थापक-** १ जना (पुरुष)

(मार्केटिङ सम्बन्धी ज्ञान भएको, RMC सम्बन्धी ज्ञान भएको, मोटरसाइकलको लाइसेन्स भएको +२ वा सो सरह)

**तलबः आपसी समझदारीमा**

सम्पर्कः **पशुपति RMC**

बिर्तामोड, झापा, बिर्तामोड राम चौक, ९८०१४१८७१३

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्टस् एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्टसंहरुमा १०% छुट गरिएको छ।




सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्टसंहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्टस् पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ।

**निशान्त मोटरसाइकल पार्टस् एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली दायाँ साइड

## जग्गा बिक्रीमा

शनिश्चरे बजार हुँदै कुशल चौकबाट एक सय मिटर दक्षिण, ३३ फुट मुख भई पूर्व फर्केको, ४० फुटे बाटोले छोएको डेढ कठ्ठा जग्गा अत्यन्त सस्तो मूल्यमा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला।

**मो. ९८४२६५५९५०/९८०४९६९९९०**

झापा जिल्ला सहका...

## कर्मचारी...

यस संघलाई देहाय वमोजिमका कर्मचारी आवश्यकता ... माग गरिएको छ।

| क्र.स. | विज्ञापन नं | पद | श्रेणी |
|---|---|---|---|
| १. | ००१।०७६।०७७ | कार्यालय सहायक | सहायक |
| २. | ००१।०७६।०७७ | सुरक्षा गार्ड | |

**कार्यालय स...**

**१. शैक्षिक योग्यता :** +२ पास वा सो सरह

**२. अन्य योग्यता :** Basic Computer मा राम्रो दख्खल... प्राथमिकता दिइनेछ।

**३. उमेर :** १८ वर्ष पुरा भई ३५ ननाघेको, महिलाको हकमा...

**५: नियुक्ति किसिम :** स्थायी **६: प...**

**७. तलवः-** रु. १५,०००।- र अन्य सुविधा संघको नियमानुसा...

**८. आवश्यक कागजातः-** हस्तलिखित निवेदनमा पासपोर्ट सा... प्रमाणपत्र, कम्प्युटर सिप संम्वन्धि प्रमाणपत्रहरुको प्रतिलिपि...

**सुरक्षा गार्ड**

१. मान्यता प्राप्त सेक्युरिटी कम्पनीको प्रस्तावसहितको आवेद... शिलबन्दी) ३. कम्पनीको सम्पूर्ण विवरण खुल्ने कागजात

**निवेदन दिने अन्तिम मितिः-** २०७६ मंसीर १५ गतेसम्म

**फारम पाउने तथा वुझाउने स्थानः-** संघको फिल्ड कार्यालय...

**फो.नं. ०२३-५४६६८५, ९८४४६०६८९२**



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित...

■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■

■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गो...

# बाह्रदशीमा बिज्ञान प्रदर्शनी



**बिर्तामोड, मंसीर ६।** वाह्रदशी गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाले शुक्रवार विज्ञान प्रदर्शनी गरेको छ। वालवालिकामा रहेको अन्तरनिहीत प्रतिभालाई प्रस्फुटन गर्ने उद्देश्यले पालिकास्तरीय बिज्ञान प्रदर्शनीसहित नृत्य प्रतियोगिता सम्पन्न गरेको हो।

गाउँपालिकाभित्र रहेका ३० वटा सामुदायिक र संस्थागत विद्यालयले प्रदर्शनीमा भाग लिएका लिएको गाउँपालिकाका शिक्षा शाखा प्रमुख ज्ञानबहादुर पौडेलले जानकारी दिए। उनका अनुसार कक्षा १- ५, कक्षा १-८ र माध्यमिक तह गरी तीन तहमा बिद्यार्थीबीच प्रतिस्पर्धा गराइएको हो।

कार्यक्रमको उद्घाटन बाह्रदशी गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशीले गरेका थिए। सो समारोहमा गाउँपालिका उपाध्यक्ष रत्नाकुमारी राजवंशी, प्रमुख प्रशासकीय अधिकृत राजेन्द्रप्रसाद दाहाल लगायतले बोलेका थिए। बाह्रदशी गाउँपालिकाको सामाजिक विकास समिति संयोजक अमित राजवंशीको सभापतित्वमा भएको कार्यक्रमको सञ्चालन गौरीशंकर माध्यमिक विद्यालयका शिक्षक लोचनकुमार गुरागाँईले गरेका थिए।

कार्यक्रममाा विज्ञान प्रदर्शनी आधारभूत तह १-५तर्फ बाल्मीकि इङ्लिस स्कूल प्रथम, जनता आधारभूत विद्यालय द्वितीय र पशुपति आाधारभूत विद्यालय तृतीय भएका छन्। आधारभूततर्फकै ६-८ तर्फ मिनी माउण्टेन प्रथम, राम नगर आधारभूत द्वितीय र भगवती आधारभूत तृतीय भए।

मावितर्फ गौरीशंकर मावि डाँगीवारी प्रथम, फूलवारी मावि द्वितीय र पञ्चमणि मावि तृतीय भए। लोक नृत्यतर्फ १-५ तर्फ आरम्भ शिक्षा सदन प्रथम, बाल्मीकि दोस्रो र न्यू ज्ञान ज्योति तेस्रो भए। आधारभूततर्फकै ६-८ तर्फ जनविकास प्रथम, राम नगर दोस्रो र मिनी माउण्टेन तृतीय भएका छन्। यता मावितर्फ नमूना प्रथम, ज्ञानज्योति दोस्रो र दिब्यज्योति तेस्रो भएका थिए।

# इलाममा ग्रीन कार्पेट

**इलाम, मंसीर ६।** भ्रमण वर्ष २०२० तथा सूर्योदय नगर पर्यटन महोत्सवको अवसर पारेर इलामको सूर्योदय नगरपालिका-६स्थित कन्याममा होटल ग्रीन कार्पेट सञ्चालनमा आएको छ।

युवा व्यवसायी यज्ञराज गिरीले एक करोड ५० लाख रुपैयाँको लगानीमा रेष्टुरेन्ट तथा लज सञ्चालनमा ल्याएका हुन्। शुक्रवार प्रदेशसभा सदस्य काजीमान कागतेले होटलको उद्घाटन गरेका थिए। होटल उद्घाटन गर्दै कागतेले कन्याममा ५० लाखदेखि १२ करोडसम्मको लगानीमा होटल सञ्चालन भइरहेको जानकारी दिए। 'इलाममा आउने पर्यटकले धेरै कुरा सिक्ने र लिएर जाने गर्छन्'- प्रदेशसभा सदस्य कागतेले भने- 'इलामको कन्याममा पर्यटकको



धेरै सम्भावना छ।' भारतको दार्जीलिङ, खर्साङ र झापालाई लक्षित गरी कन्याममा रात्री पर्यटन बनाउनुपर्नेमा उनले जोड दिए।

होटलको रेष्टुरेन्टमा ५० जना र लजमा २० जनाको क्षमता रहेको होटल सञ्चालक गिरीले बताए। होटलमा लोकल कुखुराको मासु, अर्गानिक सागसब्जी, सुकुटी, सेकुवा र क्याप फायरको समेत व्यवस्था भएको उनले जानकारी दिए। शान्त वातारणमा सञ्चालनमा आएको होटलदेखि माथिको लभडाँडाबाट सूर्योदय दृष्यावलोकन साथै नेपालको सन्दकपुर, कञ्चनजंघा हिमाल, जौवारी, मेग्मागुम्वा, नयाँबजार, पशुपतिनगर, सिद्धिथुम्का, आइतवारेलगायत भारतको खर्साङ, सुनदह, टाइगरहिल घुमपहाड, शिलगढी लगायतका स्थानको दृश्यावलोकन गर्न सकिने कन्याम भिलेज कटेज सञ्चालक टेकराज गिरीले बताए। उनले संघीय सरकारले भ्रमण वर्ष २०२०मा घुम्नै पर्ने नेपालका एक सय गन्तव्यमध्ये इलामको कन्याम, फिक्कल, श्रीअन्तु सर्किटलाई समावेश गरेको बताए।

उद्घाटन कार्यक्रममा व्यवसायी पदमबहादुर पुरी (प्रकाश), समाजसेवी डम्वर कटुवाल, वेदप्रसाद गिरीलगायतको उपस्थिति थियो।

# शुक्रवारबाट 'च च हुई' प्रदर्शनमा

**काठमाडौं, मंसीर ६।** यो साता फ्राइडे रिलिज अन्तर्गत तीनवटा फिल्म प्रदर्शनमा आएका छन्। नेपाली फिल्म 'च च हुई', बलिउडतर्फ फिल्म 'पागलपन्ती' र हलिउड फिल्म 'फ्रोजन २' रिलिज भएका हुन्। तीनवटै फिल्मले सिंगल स्क्रिन तथा मल्टिप्लेक्समा शो पाएका छन्।

आर्यन सिग्देल स्टारर फिल्म 'च च हुई'लाई साम्तेन भुटियाले निर्देशन गरेका हुन्। फिल्ममा आर्यनसँगै मिरुना मगर, भोलाराज सापकोटा र माओत्से गुरुङको मुख्य भूमिका रहेको छ। लाइट कमेडी जनरामा निर्माण भएको यो फिल्मको कथा सिजन दहाल र सन्देश अर्यालले लेखेका हुन्।

त्यस्तै कमेडी जनारामा निर्माण भएको फिल्म 'पागलपन्ती' लाई अनीस बाज्मीले निर्देशन गरेका छन्। फिल्ममा अनिल कपूर, जोन अब्राहम, इलियाना डिक्रुज लगायतका कलाकारहरुले अभिनय गरेका छन्। फिल्ममा भुषण कुमार, अभिषेक पाठक र कृषन कुमारको लगानी रहेको छ।

कमेडी र एड्भेन्चर 'फ्रोजन २'लाई जेनिफर लि र क्रिश बकले संयुक्त निर्दशन गरेका हुन्। फिल्ममा इडिना मेन्जेल, क्रिस्टेन बेल, जोस ग्याड लगायतको अभिनय रहेको छ।

# दुर्घटनामा एक जनाको मृत्यु

**उदयपुर, मंसीर ६।** उदयपुरको चौदण्डिगढी नगरपालिका-९ भीमा स्थितमा मदन भण्डारी स्मृति लोकमार्गमा मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ।

शुक्रवार बेल्टारबाट गाईघाटतर्फ जाँदै गरेको को४प ३८३६ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई बिजुलीको पोलमा ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकल चालक सुनसरीको कालाबञ्जर गाउँपालिका-३ बस्ने बर्ष २३ को दीपक बिक र सोही मोटरसाइकलमा पछाडि सवार सोही स्थान बस्ने निजकै दाजु बर्ष २४का रमेश बिक घाइते भएका थिए। घाइते दुबैजनाको प्राथामिक स्वास्थ्य केन्द्र बेल्टारमा उपचार भइरहेकोमा मोटरसाइकल चालक दीपकको दिउँसो मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

# दृष्टि दोष हटाउन बिद्यार्थीको आँखा जाँच

**अर्जुनधारा, मंसीर ६।** झापाको अर्जुनधारा-३स्थित न्यू होप अङ्ग्रेजी माध्यमिक विद्यालयमा शुक्रबार आयोजित एक दिवसीय निःशुल्क आँखा जाँच कार्यक्रम सम्पन्न भएको छ।

बिर्तामोड-३स्थित मेची आँखा अस्पतालको आयोजनामा आयोजित उक्त कार्यक्रम विद्यालयमा अध्ययनरत् बिद्यार्थीहरुको दृष्टि दोष हटाउने उद्देश्यले सञ्चालन गरिएको अस्पतालकी परामर्शदाता जीवनज्योति शर्माले बताइन्। मेची आँखा अस्पताल संघ र नेपाल नेत्रज्योति संघ साझेदार रहेको उक्त कार्यक्रममा नेदरल्याण्डमा रहेको संस्था ओरविसको लगानी रहेको परामर्शदाता शर्माले जानकारी दिइन्। ओरविसले विश्वबाट आँखाको दृष्टि दोष उन्मुलन गर्न उद्देश्यले परियोजना सञ्चालन गरेको हो।

बिगत डेढ वर्षदेखि सञ्चालन भइरहेको



परियोजनामार्फत् हालसम्म अनुमानित तीन सय वटा सामुदायिक र संस्थागत विद्यालयका डेढ लाख विद्याथीलाई सेवा दिइएको उनले दावी गरिन्। कार्यक्रममार्फत् निःशुल्क आँखा जाँच, औषधि वितरण, आँखाको अवस्था अनुसार चश्मा वितरण, अस्पतालबाट थप सेवा लिनु परे रिफरल कार्ड, शल्यक्रिया गर्नुपर्ने भएमा सहयोग गर्ने बताइएको छ।

दृष्टि विशेषज्ञ अजयकुमार राय, इन्टर्न दृष्टि विशेषज्ञ वर्षा कार्की, नेत्र सहायक अमृता चौधरी, आई हेल्थ वर्करद्वय प्रमिला धिमाल र संगीता राजवंशी, अप्टिसियन कपिल राजवंशीलगायतले सेवा दिएको कार्यक्रममा पाँच सय ११ जनाले सेवा लिएको विद्यालयका संस्थापक बालगोपाल गौतमले जानकारी दिए।

पाँच सय ११ जनामध्ये चार सय ५९को आँखा सामान्य, २६ जनाको आँखामा दृष्टि दोष, १५ जनालाई थप उपचारको लागि अस्पताल जान रेफरल कार्ड र २६ जनालाई चश्मा वितरण गरिने बताइएको छ। निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) नगरका उपाध्यक्ष समेत रहेका गौतमले उक्त कार्यक्रम नगरपालिकाभित्र रहेका अन्य विद्यालयहरुमा पनि सञ्चालन गर्ने बताए।

## एशियाकै ...

पार्क बन्छ। त्यो पनि विश्वको पुरानो सवारीका रुपमा प्रयोगमा आएको गोरुगाडाको चक्काबाट।'

पार्कमा राखिने चक्का पुरानो भए पनि ज्यादै वलियो हुने प्रसाईको भनाइ छ। माटोले समेत नखाने र धमिराबाट जोगाउन सके वर्षौंसम्म सुरक्षित रहने उनको भनाइ छ। उनी भन्छन्- संकलन गरिएका चक्का ट्रिटमेन्ट गरेर राखेपछि दुई सय वर्षसम्म केही हुँदैन।

नेशनल पार्कमा जमिनबाट ८१ फिट अग्लो नेपालको झण्डा राखिने, नेपालको इण्डष्ट्रिजलाई फाइदा पुग्ने बताए। उनले भने- अरुभन्दा भिन्न गरौं भन्ने सोचका साथ अघि बढाएको यो पार्क निर्माणले पूर्व क्षेत्रको पर्यटन विकासमा समेत टेवा पुग्छ।

नेपालको संस्कार संस्कृतिसंग जोडेर आधुनिकीकरण गर्दै पार्क निर्माण गरिने र नयाँ ढंगमा सुविधा सम्पन्न हस्पिटालिटी इण्डष्ट्रिजको विकास गर्ने इञ्जिनियर पराजुलीले बताए। उनले भने- गोरु गाडा केही वर्ष अघिसम्म सवारीका रुपमा प्रयोग गरिन्थ्यो, यसको लोप भएर गयो। यो परम्परागत चिजलाई संरक्षण गर्न यो अभियान थालिएको हो।

**को हुन रोशन ?**

विष्णुमाया र डिल्ली प्रसाईका छोरा हुन् रोशन। कनकाई क्याम्पस बिर्तामोडबाट एसएलसी परीक्षा उत्तीर्ण गरेका उनले प्लस टु ग्लोवल कलेज अफ मेनेजमेन्ट काठमाडौंबाट गरेका थिए। कोपेन हेगन डेनमार्कबाट हेल्थ एण्ड न्यूट्रिशन गरेर नर्वेबाट हस्पिटालिटीको कोर्ष गरेका छन् उनले। ओस्लोमा पुगेर हस्पिटालिटीमा राम्रो दखल राखेका उनले स्वदेशमै केही गर्ने र झापालाई चिनाउने सोचसहित नेशनल पार्क निर्माण शुरु गरेका हुन्।

बिर्तामोडको देवी वस्तीमा जन्मिएका उनले अहिले आफ्नै जन्मस्थलमा नयाँ सोचका साथ काम अघि बढाएका छन्। विदेशमा सिकेको सिपलाई आफ्नै ठाउँमा प्रयोग गर्ने सोचका साथ उनी विगत १० वर्षदेखि झापामा वसेर नयाँ नयाँ काम गरिरहेका छन्।

## चोरी ...

आशीष मगरलाई उक्त घरमा कोही नभएको अवस्थामा चोरी गरी भाग्दै गर्दा स्थानीय मानिसले पक्राउ गरी प्रहरी चौकी बिराटचोकमा जानकारी गराएका थिए। प्रहरीको टोलीले निजको साथबाट ल्यापटप थान १, पेन ड्राईभ थान १ लगायत अन्य किराना सामान र नगद चार हजार पाँच सय बरामद गरेको थियो। पक्राउ परेका मगरलाई इलाका प्रहरी कार्यालय बेलबारीमा ल्याई थप अनुसन्धान शुरु गरिएको उक्त कार्यालयले जनाएको छ।


## होटल विक्रीमा

**बिर्तामोडको नयाँ बसपार्क एरियामा रहेको होटल (खाजाघर) विक्रीमा रहेकाले लिन चाहने**

## श्रमिक सूचीकरण सम्बन्धी सूचना

विर्तामोड नगरपालिकामा रहेका शारीरिक श्रम गर्ने श्रमिकहरुको हितमा र निजहरुको पेशागत सुरक्षामा सुधार पर्ने गरी श्रमिक सञ्चालन कार्यविधि, २०७५

## घर बनाउनका लागि नयाँ प्रविधि

**इटा, गिटी, बालुवा दोस्रो, तेस्रो, चौथो तथा पाँचौं तलासम्म लानका लागि मिनी क्रेन उपलब्ध छ। साथै मिक्सचर, जेनेरेटर, भाइब्रेटर, रड, काट्ने-बटार्ने कोरियन मेसिनहरु भाडामा उपलब्ध छ।**

**सम्पर्क: ०२३-५४५७५३, ९८१७९५४२३८**

## आकर्षक घडेरी बिक्रीमा

**चारपाने चौक, पश्चिम बस स्टेण्ड, NICA बैंक उत्तर, सहारा**

पार्क बन्छ । त्यो पनि विश्वको पुरानो सवारीका रुपमा प्रयोगमा आएको गोरुगाडाको चक्काबाट ।'

पार्कमा राखिने चक्का पुरानो भए पनि ज्यादै वलियो हुने प्रसाईको भनाइ छ । माटोले समेत नखाने र धमिराबाट जोगाउन सके वर्षौंसम्म सुरक्षित रहने उनको भनाइ छ । उनी भन्छन्- संकलन गरिएका चक्का ट्रिटमेन्ट गरेर राखेपछि दुई सय वर्षसम्म केही हुँदैन ।

नेशनल पार्कमा जमिनबाट ८१ फिट अग्लो नेपालको झण्डा राखिने, नेपालको नक्सा बनाइने र त्यो नक्सामा विश्वका एक सयभन्दा बढी फूल फुलाएर सदैव सुन्दर बनाइने तयारी गरिएको छ- प्रसाईले भने । इञ्जिनियर अनुष पराजुलीले बिर्तामोडमा बनिने पार्क देशकै नमूना हुने र सानो संसार हाउजिङसँगै निर्माण हुने पार्कले सिङ्गो हस्पिटालिटी साथ अघि बढाएको यो पार्क निर्माणले पूर्व क्षेत्रको पर्यटन विकासमा समेत टेवा पुग्छ ।

नेपालको संस्कार संस्कृतिसंग जोडेर आधुनिकीकरण गर्दै पार्क निर्माण गरिने र नयाँ ढंगमा सुविधा सम्पन्न हस्पिटालिटी इण्डष्ट्रिजको विकास गर्ने इञ्जिनियर पराजुलीले बताए । उनले भने- गोरु गाडा केही वर्ष अघिसम्म सवारीका रुपमा प्रयोग गरिन्थ्यो, यसको लोप भएर गयो । यो परम्परागत चिजलाई संरक्षण गर्न यो अभियान थालिएको हो ।

सानो संसार हाउजिङका सञ्चालक प्रकाश उप्रेतीले पार्क निर्माणसँगै झापामा संस्कृति संरक्षणमा समेत टेवा पुग्ने बताएका छन् । उनले पार्कमा नेपालका पुराना संस्कार र संस्कृति झल्किने बस्तु राखिने बताए ।

हुन् रोशन । कनकाई क्याम्पस बिर्तामोडबाट एसएलसी परीक्षा उत्तीर्ण गरेका उनले प्लस टु ग्लोवल कलेज अफ मेनेजमेन्ट काठमाडौंबाट गरेका थिए । कोपेन हेगन डेनमार्कबाट हेल्य एण्ड न्यूट्रिशन गरेर नर्वेबाट हस्पिटालिटीको कोर्ष गरेका छन् उनले । ओस्लोमा पुगेर हस्पिटालिटीमा राम्रो दख्खल राखेका उनले गरेका हुन् ।

बिर्तामोडको देवी वस्तीमा जन्मिएका उनले अहिले आफ्नै जन्मस्थलमा नयाँ सोचका साथ काम अघि बढाएका छन् । विदेशमा सिकेको सिपलाई आफ्नै ठाउँमा प्रयोग गर्ने सोचका साथ उनी विगत १० वर्षदेखि झापामा वसेर नयाँ नयाँ काम गरिरहेका छन् ।

आशीष मगरलाई उक्त घरमा कोही नभएको अवस्थामा चोरी गरी भाग्दै गर्दा स्थानीय मानिसले पक्राउ गरी प्रहरी चौकी बिराटचोकमा जानकारी गराएका थिए । प्रहरीको टोलीले निजको साथबाट ल्यापटप थान १, पेन ड्राईभ थान १ लगायत अन्य किराना सामान र नगद चार हजार पाँच

## जग्गा विक्रीमा

**शनिश्चरे बजार हुँदै कुशल चौकबाट एक सय मिटर दक्षिण, ३३ फुट मुख भई पूर्व फर्केको, ४० फुटे बाटोले छोएको डेढ कठ्ठा जग्गा अत्यन्त सस्तो मूल्यमा विक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।**

**मो. ९८४२६५५९५०/९८०४९६९९९०**

## टाटा सुमो गाडी भाडामा चाहिएमा

**बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।**

**मो. ९८१५९५२४९९, ९८४१३२१४६४**

## होटल विक्रीमा

**बिर्तामोडको नयाँ बसपार्क एरियामा रहेको होटल (खाजाघर) विक्रीमा रहेकाले लिन चाहने व्यक्तिले तु–सम्पर्क गर्नुहोला ।**

**सम्पर्कः ९८१६९८१०१७**

## कर्मचारी तु-चाहियो

पञ्चकन्या हुँदै प्रोभिडेन्स कलेज, कृष्ण हल, मुक्तिचोक, महेन्द्र शोरुम पूर्व, कृषिथोक, शनिश्चरे लाइन तथा लक्ष्मीपुरबाट दुर्गापुर, सिमसार, कालिमुढा हुँदै चम्पापुरसम्म पत्रिका वितरण गर्न कर्मचारी आवश्यकता भएकाले तु–सम्पर्क गर्नुहोला । **मोटरसाइकल हुनुपर्नेछ । तलबः १०,०००+ बोनसले गाडी मेन्टेन गर्न सकिनेछ ।**

**सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३**

## श्रमिक सूचीकरण सम्बन्धी सूचना

बिर्तामोड नगरपालिकामा रहेका शारीरिक श्रम गर्ने श्रमिकहरुको हितमा र निजहरुको पेशागत सुरक्षामा सघाउ पुग्ने गरी श्रमिक सञ्चालन कार्यविधि, २०७५ बमोजिम यस बिर्तामोड नगरपालिकामा एउटा श्रमिक हितकोष स्थापना गरिएको छ । तसर्थ यस नगरमा कार्यरत श्रमिकहरुले (निर्माण, यातायात, उद्योग, जडान, रंगरोगन, कृषि, अन्य) आजको मितिबाट १ महिनाभित्र ट्रेड युनियन(महासंघ) मार्फत यस नगरपालिकामा सूचिकरण हुन अनुरोध गरिन्छ ।

**बिर्तामोड नगरपालिका**

## बृद्धा स्याहार गर्ने महिला चाहियो

बिर्तामोडमा स्थायी घर भएकी, ज्येष्ठ नागरिकको स्याहारका लागि २०देखि ४० बर्षसम्मकी एक जना महिलाको तु–आवश्यकता परेको हुँदा इच्छुक र स्याहारसुसार गर्न सक्ने महिलाले निम्न फोन नम्बरमा सम्पर्क गर्नुहोला ।

**तलबः आपसी समझदारीमा (आकर्षक)**
**सम्पर्क मितिः २०७६ मंसीर ६ गतेदेखि १२ गतेसम्म**
**सम्पर्कः ९८४२७११३०९, ९८०११२९५५६**

नोटः बृद्धबृद्धा स्याहार गर्न अनुभव भएकालाई पहिलो प्राथमिकता दिइनेछ ।

## घर बनाउनका लागि नयाँ प्रविधि

**इटा, गिटी, बालुवा दोस्रो, तेस्रो, चौथो तथा पाँचौं तलासम्म लानका लागि मिनी क्रेन उपलब्ध छ । साथै मिक्सचर, जेनेरेटर, भाइब्रेटर, रड, काट्ने–बटार्ने कोरियन मेसिनहरु भाडामा उपलब्ध छ ।**

**सम्पर्कः ०२३–५४५७५३, ९८१७९५४२३८**

## आकर्षक घडेरी विक्रीमा

**चारपाने चौक, पश्चिम बस स्टेण्ड, NICA बैंक उत्तर, सहारा नेपालको नयाँ भवन पछाडि, राजमार्गवाट ३ सय मिटर दुरीमा आकर्षक घडेरी विक्रीमा छ । दुईवटा वाटाले छोएको पर्याप्त मुख भएको जग्गा विक्रीमा रहेकाले इच्छुकले सम्पर्क राख्नु होला ।**

**सम्पर्क : ९८५२६७५३०९/९८०६०५४३६३**

## कर्मचारी आवश्यकता

**प्रथमपटक प्रकाशित मितिः २०७६।०८।०५**

यस माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोडको मिति २०७६।०८।०४ गते बसेको कर्मचारी पदपूर्ति समितिको बैठकको निर्णय अनुसार निम्न लिखित कर्मचारी आवश्यकता भएकोले अनुभवी तथा इच्छुक नेपाली नागरिकबाट मिति २०७६।०८।०८ गते आइतवारसम्ममा आवेदनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

पदः **बजार प्रतिनिधि** **संख्याः** २ जना (पुरुष, स्थानीय)
**तहः** सहायक चौथो **उमेरः** १८ बर्षदेखि ३५ बर्ष ननाघेको
**न्यूनतम् शैक्षिक योग्यताः** एसईई वा सो सरह
**कार्यक्षेत्रः** बिर्तामोड नगरपालिकाभित्र
**आवेदन दस्तुरः** रु. २००।– (फिर्ता नहुने गरी)
**जमानत कागजातः** धितो जमानत रोक्का गर्नुपर्नेछ ।
**तलब सुविधाः** संस्थाको नियमानुसार
**आवश्यक कागजातः** निवेदन दिनेको वायोडाटा, लाइसेन्स अनिवार्य हस्त लिखित निवेदन ।
**नियुक्तको किसिमः** १ बर्षे परीक्षणकाल **परीक्षाको किसिमः** लिखित तथा मौखिक
**अन्तरवार्ता मितिः** २०७६।०८।११ गते बुधवार १२ बजे
**नतिजा प्रकाशनः** २०७६।०८।१२ गते बिहीवार
**दरखास्त दिने स्थानः** संस्थाको कार्यालय, कार्यालय समयभित्र, भद्रपुररोड, बजरंग मेडिकल पछाडि । ***नोटः सोमवार कार्यालय बन्द रहनेछ ।***
***सम्पर्कः ०२३–५४२२३२, ५४६४८४, ९८०४९०१३९०***

**माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड–४, झापा**

फोन नं. ०२३–५४५११७, ५४६६८५, email: jhapacoops_feed@yahoo.com

**झापा जिल्ला सहकारी संस्था लिमिटेड,** भद्रपुर–८, झापाको

## कर्मचारी आवश्यकता

मितिः २०७६।०८।०६

यस संघलाई देहाय वमोजिमका कर्मचारी आवश्यकता भएकोले तपशिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट आवेदन माग गरिएको छ ।

**तपशिल**

| क्र.स. | विज्ञापन नं | पद | श्रेणी | तल | आवश्यक संख्या | आवश्यक संख्या |
|---|---|---|---|---|---|---|
| १. | ००१।०७६।०७७ | कार्यालय सहायक | सहायक द्वितीय | सातौं | २ | खुल्ला प्रतिस्पर्धा |
| २. | ००१।०७६।०७७ | सुरक्षा गार्ड | | | १ | मान्यता प्राप्त सेक्युरिटी कम्पनी |

**कार्यालय सहायक द्वितीयको आवश्यक योग्यता**

**१. शैक्षिक योग्यता** : +२ पास वा सो सरह
**२. अन्य योग्यता** : Basic Computer मा राम्रो दख्खल भएको, मोटर साइकल चलाउन सक्ने, तथा सहकारी क्षेत्रमा अनुभव भएकालाई प्राथमिकता दिइनेछ ।
**३. उमेर** : १८ वर्ष पुरा भई ३५ ननाघेको, महिलाको हकमा ४० ननाघेको **४. आवेदन शुल्क** : रु.३००।–(फिर्ता नहुने)
**५: नियुक्ति किसिम** : स्थायी **६: परीक्षाको किसिम** : प्रयोगात्मक, लिखित र मौखिक
**७. तलवः–** रु. १५,०००।– र अन्य सुविधा संघको नियमानुसार
**८. आवश्यक कागजातः–** हस्तलिखित निवेदनमा पासपोर्ट साइजको फोटो टाँस गरिएको, वायोडाटा, नागरिकता, शैक्षिक प्रमाण पत्र, अनुभवका प्रमाणपत्र, कम्प्युटर सिप संम्वन्धि प्रमाणपत्रहरुको प्रतिलिपि ।

**सुरक्षा गार्ड**

१. मान्यता प्राप्त सेक्युरिटी कम्पनीको प्रस्तावसहितको आवेदन पत्र (गोप्य शिलबन्दी) २. तलबभत्ता र सेवा सुविधा बिबरण खुल्ने कागजात (गोप्य शिलबन्दी) ३. कम्पनीको सम्पूर्ण विवरण खुल्ने कागजात

**निवेदन दिने अन्तिम मितिः–** २०७६ मंसीर १५ गतेसम्म
**फारम पाउने तथा वुझाउने स्थानः–** संघको फिल्ड कार्यालय, बिर्तामोड–५ , शनिश्चरेरोड
**फो.नं. ०२३–५४६६८५, ९८४४६०६८९२**

**सञ्जु देवानः** व्यवस्थापक

**बिर्तामोड नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा

## सूचना ! सूचना !! सूचना !!!

यस बिर्तामोड नगरपालिका नगर प्रहरी गठन तथा सञ्चालन गर्ने कार्यविधि, २०७५ अनुसार मिति २०७५ मंसीर १३ गते नगर प्रहरी आवश्यकता सम्बन्धी प्रकाशित सूचना अनुसारदरखास्त दिने उम्मेदवारहरुको शारीरिक तन्दुरुस्ती तथा प्रयोगात्मक परीक्षा निम्न मिति, समय र स्थानमा हुने भएकाले उक्त परीक्षामा अनिवार्य रुपमा प्रवेश पत्र तथा नागरिकताको प्रतिलिपिसहित उपस्थित हुनका लागि सम्पूर्ण दरखास्त दिने उम्मेदवारहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

निम्न

**कमाण्डर, सहायक कमाण्डर र महिला दरखास्तवाला उम्मेदवारहरुको**
मितिः २०७६।०८।१९ गते समयः विहान ८ बजे
स्थानः डोमालाल रंगशाला बिर्तामोड–३, झापा

**खुला नगर प्रहरी सबै दरखास्तवाला उम्मेदवारहरुको**
मितिः २०७६।०८।२० गते समयः विहानत ८ बजे
स्थानः डोमालाल रंगशाला बिर्तामोड–३, झापा
नोटः अन्य केही बुझ्नु पर्ने भएमा कार्यालयमा सम्पर्क राख्नुहोला ।

**पशुपति खतिवडाः प्रमुख प्रशासकीय अधिकृत**

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३–५४१००२/प्रशासन/विज्ञापन : ०२३–५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

कविता/गजल

## भन्दिन 'आमा'

जन्म लिएँ माटोमै लिएँ मैंले
भन्दिन आमा के दिइस् तैंले
जे खोजे पाएँ, अझ धेरै पाएँ
भन्दिन आँशु, किन दिइस् तैंले ।

जाने न्यानो काख, मिठो छाती मैंले
भन्दिन आमा पानीले, भिजाइस् तैंले
शरीरभरि रोग बोकी, ज्यान पाएँ मैंले
भन्दिन आमा, के खुवाइस् तैंले ।

रातभरि चैत, निद्रा पाएँ मैंले
भन्दिन आमा पानीको छिटा, छेकिनस् तैंले
आनन्दको बाला पाएँ साथ पाए मैंले
भन्दिन आमा चिसो भात, खुवाइस् तैंले ।

सुखीलो जीवन कति पाए मैंले
भन्दिन आमा दुःखको आँशु पिइनस् तैंले
गल्ति नै गल्ति गरेकी मैंले
भन्दिन आमा, धेरै पिटिस तैंले ।

वारिभरि सागपात अन्न देखेका मैंले
भन्दिन आमा मिठा खुवाइनस् तैंले
जति जे खाए मिठो खाए मैंले
भन्दिन आमा, व्यञ्जन दिइनस् तैंले

माटोमै आएँ, मिल्छ माटोमै जहिल्यै
भन्दिन आमा ओछ्यान दिइनस् तैंले
इच्छा मेरो माया, ममता हो जहिल्यै
भन्दिन आमा दिन माया जान्दिनस् तैंले ।

– विशाल थापा

## शुभ बिहानी

बिहानी भयो सबको शुभ साइत लिई आयौ
बिहानी भयो सब प्राणी उठ्न जाग्न थाल्यौ
बिहानी भयो सब मनुष्यले आफ्नो नित्यकर्म गर्न थाल्यौ
बिहानी भयो शंख, घण्ट, धूप-दिप, आरती पाठ हुन थाल्यौ

बिहानी भयो सरर शितल हावा वहन थाल्यौ
बिहानी भयो खट्खट् ढोका-झ्याल उघ्रन थाल्यौ
बिहानी भयो चराचुरूङ्गी च्याँ-च्याँ, चुँ-चुँ गर्न थाल्यौ
बिहानी भयो कुचो, झाडु सरक सरक चल्न थाल्यौ

बिहानी भयो झलमल्ल ज्योतिप्रकाश उज्यालो हुन थाल्यो
बिहान भयो भेटघाटमा नमस्कारको अभिवादन हुन थाल्यो
बिहानी भयो ढकमक्क थरी-थरीका फूल फुल्न थाल्यौ
बिहानी भयो कहाँको मानिस कहाँ-कहाँ पुग्न थाल्यौ

बिहानी भयो उच्च सेतो हिमाल टल्किएको देख्न थाल्यौ
बिहानी भयो उद्योग, कारखाना चल्न थाल्यौ
बिहानी भयो यत्रतत्र गाडी गुडन थाल्यो ।

# पार्टीभित्र यस्ता अपराधी लादेन अरु पनि छन् ?



हाँस्य-व्यंग्य

**व्यंग्यनारान पाँडे**

"यो नेप्पाली चइँ काङरेसमा चइँ पओनपुत्र हन्नुमानभन्दा जोडै बल्या, पाओरफुल र डाङडाङ-डुङडुङ गर्न हर्रामी च्याम्पेन मनुख्खे थे नि थिन त । लेकिन खाने बेलाँ बाइर निकाले जस्तो भइगो । दाँतमा डुङ्गो लाग्या झैँ भो हए पाँडे भाइ । मलाई भामट ट्र्यान्सिनले च्यापिरछ अस्ति आस्बिन मैनाको छब्बीस गते रोज एक आइतार कोजागर्त पुर्ने कै शुबलच्चेदेखनु । मैले तपइँसित नभनिराख्या कुरो यति मात्तै हो ।"-भने आउँदा आउँदै गौँथलीको बाऊले धमाधम अनि मेरै छेउमा कुर्सी तानेर बसेपछि आँखा तन्काएर निधार चाउरी पार्दै निकै लामो खइ काडे ।...

नेपाली कांग्रेस छोडेर कमरेड सोसाइटीतिर हाम फालेकामा उनलाई पछुतो भएको हलुका अनुमान लाउँदै मैले फ्यास्स भनें– "कांग्रेसबाट कमरेड हज्जामा किन मिसिनु भो त ? त्यस पार्टीमा त्यस्ता-त्यस्ता बलवीर, उपद्रयाहा, ध्वंशकारी, ज्यानमारामा हरामी च्याम्पियन मनुष्य थिएछन् त ? तपाईंलाई त्यस्ता मान्छे मनपर्दो रहेछ होइन दाइ ?"

उनले आँखा बालेर मेरा आँखासँग जुधाउँदै भने– "ल हेर त इनको बुद्दि ! थुक्क ! हन कस्ता मान्छे चइँ परेछन् हओ मेरा छिमेकीमा ? मेरो त भग्गेइ खोटो, तेस्यामालाने !"

मैले छोटो सोधें– "के भो र दाइ ?"

उनले भने– "हन नेपाली काङरेसको गिर्जाऊ पाटीमा पैलीबड र पछिबड देउपा पाटीमा हुँदाखाँदा आफ्फै एत्रो खान फ्याट्ट कम्रेटमा उल्था भा'हूँ भन्ठान्छौ तपइँ ? म जस्तो लम्बरी पर्जातन्त्रवादी व्याक्ति तेस पाटीको एस छेत्राँ मज्जुत खडा थैँ भन्ने जान्दाजान्दै गएको गत साम्सत एलेक्सिनको भोटाँ ख्वात्त हार्न कल्ले लाइरथ्यो त काङरेसलाई ? हाम्रो नेपका पाटीले एलेक्सिनको भोटाँ तेल्लाई पाहा पछारे झैं पछारेर चाइँनेकेरे सिम्मदर्बारको सर्खार बनाएसि म सर्खार बनाउने पाटीमै समरपृत हुने सिधान्तवादीमा उइलेइदेखुन् कट्टर पोल्टिस्यानले अरु केइ गर्न मिल्थ्यो त ? देशाँ गनतन्त्र पसेको एत्तिका बर्ख भइसक्ता पनि तपइँले पितिक्कै गनतन्त्रको पोल्टिस् नबुजेको देख्ता मेरो भुँडी हुँडल्लेर मुखाड हुलुक्क अमिलो पानी पो आउन थालिसको यार ! हन जुन पाटीले सर्खार बना'र चाइँनेकेरे सिम्मदर्बार करयापच्याप पार्छ तेइ पाटीमा ट्र्याप्प हुन सिक न ठ्याप्पसँगले । सिधान्त कुरो त यो पो हो त । कति टेनिङ दिनु हओ तपइँलाई हट्टेपिच्छे, हँ ?"

उनका गोठाले तर्क यस्तै हुन्छन् भन्ने मलाई कागति अथवा हाटको दिन भद्रपुर बजारको दुई नम्बर रोडस्थित बिहारी डुङ्ग गनाउने बजारमा बिक्ने बएल्लिएका लड्डु-मिठाइहरु जस्तै अमिलो हुन्छन् भने जत्तिकै राम्ररी थाहा थियो । अथवा गलगलिया, पानीट्याङ्की, नक्सबारीमा मेचीको बालुवा मिसेर नेपाली ग्राहकलाई बेचिने चिनी पनि उस्तै गुलियो हुन्छ भने जत्तिकै क्लेयरकट् थियो । त्यसैले उनका छिचरा कुराभित्रको चुरो कुरोको मेसो पत्क्रेर सोधें– "ए दाइ, नेपाली कांग्रेसमा त्यस्ता-त्यस्ता भयङ्कर बलिया-बलिया मान्छे चाहिँ को-को छन् हँ ?"

उनले उपरखुट्टी लाउँदै सुख्खा नाकमा उभोली सास स्याँक्क तानेपछि भने– "होओओओ, आइगयौ नि तपइँ अर्जिलि पोल्टिसका बाटामा । एसरी पिकप् गरेउ भने म तपइँलाई छे मैनामै पोल्टिसमा एस्पोट बनाइहाल्छु नि । तर, एट्पेजेन्ट चइँ हाम्रो शक्तिशाली र गउरउशाली पाटीको मिस्कटबड जन्म्या हाल सर्खारी पाटीका भाम् ठालू कम्रटे माधौ नेपालले पर्दानमन्त्री खाँदाखेरि मन्त्री भइखाका र अैले चइँ रउतटका पिलन्धरे जन्ता तर्सा'र नेपाली काङ्रेसका मान्नीए साम्सत भका मोबत अप्ताप आलामका छेउमा अरुको नामै नलिउँ, बिच्चमा मुख मात्तै गनाउँछ । आलामज्यूका छेउमा उइले पञ्चेती बेबस्तामा म गामफर्कको राजभक्त उपपर्दान पञ्च भका ट्र्यामका शेरे धनुखा, खड्गबादुर सिङ, बन्दुके काजी, रीतुबर्न तुम्बाम्फे अथैवा देशमा काङरेस लागेसिका खुमारी राइ जादौ, भीउँबादुर खँड्का, गोबिन्राज जोश्शीहेरु जस्ता थुप्रै रैइँदालेहेरु र झलमल्ल घाम लागेका दिनका तारा भइगए नि । को आलमको ओस्सामा बिन लाद्दन औतारका छेउमासम्म पुग्ने ?"

उनले च्वाक्क मुख मिठ्याएपछि धाराप्रवाह भन्दै गए– "गाउँका मान्छेका त के इण्डेतिरका भारतेली कोरली र पठेक्रीहरु समेत भूतपूर्वक मन्त्री एबङ् एट्पेजेन्ट पर्जातन्त्रबादी काङरेसका मान्नीय साम्सत मोब्बत आलाम र उहाँज्यूको कन्टोलका साँढेहरूले झ्याएसम्म चोखा राखेनन् । पुलिस-परहरी उन्का छेउमा पत्रा परेको गोरु चोर हिरासतमा पुगेसि छेरभालू भए झैं थरहरी थे । गाउँका कुख्रा-बाख्रा जुन मुन परो तेसको गर्दन च्याट । इँटाभट्टामा अरुतिर दाउरा बालिन्छ र इँटा पोलिन्छ । तर, काङ्रेस साम्सत आलमले मान्छे बालेर इँटा पोल्ने नयाँ-नुतन ट्र्याउटिसको पर्जातन्त्र खेले । एसो किन भयो भनेर उजुर गर्नेलाई गोलीले उडाउन लगाए । पत्रा परिराख्या ट्र्याममा परहरीका एप्सी-निस्पेटरसित डिसकेस पर्दा मान्नीय आलामले धम्की लाउँदै अजै मान्छे मराउँछुँ भन्र ठाढै भने । ....ए पाँडे भाइ, पर्जातन्त्र भन्या यइ त हो नि । दे दनादन, होइन्त ।"

उनी खुशी हुँदै भन्दै गए– "पुल बनाउने मूलाको कसैले क्यारलेसै गर्दैन, पुल भत्काउनेको नाम जल्लाई पनि ठ्याक्क मालम हुन्छ । अमृकामा उत्रा-उत्रा करोडौं त नभनम् सइयौं तला भबन कल्ले बनायो ? ती भबन बनाउने मिश्री को थे भन्ने कसैलाई मालम छ ? तर हावाजाज लगेर डयाङ्ग ठोक्का'र चाइँनेकेरे झर्‍यामझुरुम पार्ने ओस्सामा बिन लाद्दनज्यूको नाम सिरि किस्नु, मादेउ, पस्पतिनाथ जस्तै सप्पैलाई मालम छ । नत्र भने आलामज्यूलाई पत्रा गर्नासाथ तीन्चार खेप भूपपूर्वक पर्दानमन्त्री भ'र अैले नेपाली काङरेसमा जङ्गबादुरी गर्न थालेका शेर्बादुर देउपा र भूतपूर्वक उपपर्दानमंत्री और भूतपूर्वक गिर्‍हेमन्त्री भ'र झाँपा तीन लम्बरमा हरेसि नेपाली काङरेसको सिटौला पाटीमा लिडरी गरिराख्या हाम्रा किस्न सिटौलाले 'आलम पत्रा पर्नु भन्या काङरेस र पर्जातन्त्रको विरुद्द कमिनिसको ग्रेन डिजाइन खडएन्त्र हो' भन्र बिग्गेप्ति ठ्याँस्थे होला त ? अरु अन्ने कुरै गर्नु परेन नि, रउतटमा मान्छे बालेर इँटा पकाउने मोब्बत आलाम भन्या नै नेपाली काङरेस र पर्जातन्त्र हो रहेछ भनेर कुरो बुजे भइगो नि । सट्कट इज बैट्टर देन लट्खट् भन्छ क्या मिस्कट भासाको डिस्नेरीले एस्ता कुरालाई । लङकट्भन्दा सटकट नै राम्रे हो पनि ।"...

बोल्दाबोल्दै उनले एकखेप ठूलो हाच्छिउँ काडे र नाक समाएर काट्नुअघि पर्छेको खसीले कानमा परेको पानी झर्न मन्टो हल्लाए झैं मन्टो लरक-लरक हल्लाएर के भन्न आँट्तैथे, मैले उछिनेर सोधें– "शेरबहादुर देउवा र कृष्ण सिटौलाका अनुसार, त्यसो भए, अहिले नेपाली कांग्रेस र प्रजातन्त्र मोहम्मद अफ्ताब आलमसँगै नख्खु"....

उनले मेरो प्रश्न पूरा नहुँदै झडङ्ग भएर भने– "चूप लाग न हओ एछिन् तपइँ ! ठूलाबड बोलिराख्या बेला बी-बीचाँ प्याच्च बोल्नु अनडिस्पिलिङहीन हुन्छ भन्ने था छैन ?......तो त दिस्टिकोनको विषय हो क्या । अर्तथि एस दिस्टिकोनमा दिमाखको किट्नी लाउँदा चइँ मैले काङरेसबड कम्रटेमा टाँचफर हुनु ठिकै र'छ भन्ने मौसूप हुन्छ र राहात पनि हुन्छ । मोब्बत आलाम नक्खु कारागारको झ्यालखानको तुरुङमा पर्नु शेर्बादुर देउपा र किस्न सिटौलाको सो-उक्त भन्तब्बे अन्सार नेपाली काङरेस र उसको पर्जातन्त्र तुरुङमा पर्नु होइन भनेर उँधेरले आर्को बिग्गोप्तिबड भन्तब्बे सार्भजानिक गलार्न् त ? कि चूप्प लागेर तेसबेला राजनीतिकको पोल्टिकल रेला गर्‍या मात्तै हो भन्लान् र डिच्च अगाडिका दाँत मात्तै देखा'र बिनबिच्चमा खोक्न थाल्लान् त ?....यो टपिकमा बाँकी बचोत बात भोलि-पर्सितिर गर्दा पनि हुन्छ । आज चइँ म चोइटिउँ हए पाँडे भाइ ।"....

उनी बोल्दाबोल्दै उठे र बाटो लागे । म एकपल्ट खिल्खिलाएर हाँसे र उनी गइरहेतिर हेर्दै मनमनै भनें– "पार्टीभित्र यस्ता अपराधी लादेन कति होलान् हँ ?" खोइ कुरै पो बुझिएन बा !"....




कथा



**विमल लामिछाने**

पत्रकारिता गरेको लामै समय भए पनि शहरीया परिवे
मेरालागि नयाँ थियो । बजारको नियमलाई उल्लघंन ग
बिहान ५ बजेअघि नै म उठ्ने गर्दथे । एकदिनको कुरा ह
करिब ६ बजेको थियो पत्रकारिताकै माध्यबाट चिनजा
भएका साथी इन्द्रको फोन आयो... । हेलो तयारी रहनु
हामी ९ बजे एउटा कार्यक्रममा जानु छ । मैले जवाफ दिए
मेरो म्यागजिनको लागि एउटा रिपोर्टिङ्ग गर्ने योजना
आज मलाई फुर्सद मिल्दैन हओ । रिर्पोटिङ्ग पनि हुन्छ भिजिटि
पनि हुन्छ जानुपर्छ है । उनले ढेट गरेपछि मैले स्वीक
चिनजानी भएको धेरै नभए पनि भेटघाट र उठबस
हिसावले हाम्रो मित्रता गाढा भइसकेको थियो ।

उनी र म बिचमा फरक यति थियो कि उनी धनाढ
परिवारमा हुर्किएका थिए, म मध्यम वर्गको मान्छे । उन
दिएको समय हेर्दै म आफ्नो तयारीमा लागे । उनले दिएव
समयमा हामी जम्मा भयौं । उनैको स्कारपियोमा हा
यात्रा अघि बढ्यो । करिब एकसय मिटर पर अरु दुई सा
थपिए, मानौ योजना बनाए जस्तै गरेर चारजना जवान
करिब एक घण्टाको यात्रापछि सधै झैँ चिया खाने नि
भयो । म तेसताका चियाको निकै पारखी थिएँ । त्यही भए
होला चिया खाने प्रस्तावलाई मैले सहज स्वीकारे । इन्द्र
स्कारपियो हुइक्याए र एक आलिसान महलको गेटभि



हुले । गेटमा बसेका पहरेले हाम्रो प्रवेशमा स्यालौट मा
रहेका थिए । मलाई पनि यो आलिसान महलको प्रवे
असहज भइरहेको थियो । तर, केही योजना होला भने

बिहानी भयो खट्खट् ढोका-झ्याल उघ्रन थाल्यौ
बिहानी भयो चराचुरूङ्गी च्याँ-च्याँ, चुँ-चुँ गर्न थाल्यौ
बिहानी भयो कुचो, झाडु सरक सरक चल्न थाल्यौ

बिहानी भयो झलमल्ल ज्योतिप्रकाश उज्यालो हुन थाल्यो
बिहान भयो भेटघाटमा नमस्कारको अभिवादन हुन थाल्यो
बिहानी भयो ढकमक्क थरी-थरीका फूल फुल्न थाल्यौ
बिहानी भयो कहाँको मानिस कहाँ-कहाँ पुग्न थाल्यौ

बिहानी भयो उच्च सेतो हिमाल टल्किएको देख्न थाल्यौ
बिहानी भयो उद्योग, कारखाना चल्न थाल्यौ
बिहानी भयो यत्रतत्र गाडी गुड्न थाल्यो ।
बिहानी भयो खबर कुराकानी शुरू हुन थाल्यौ ।

बिहानी भयो निधारमा तिलक-चन्दन लाउन थाल्यौ
बिहानी भयो पवित्र जन्मभूमि देख्न थाल्यौ ।
बिहानी भयो जतातत्तै मानिसको चहलचहल हुन थाल्यो
बिहानी भयौ सबको शुभ साइत लिइ आयौ
बिहानी तिमी नित्य सदासर्वदा आइरहन्छौ
बिहानी तिमिले सब प्राणीलाई उठाइ जगाइ दिन्छौ ।

**– युवराज मिश्र**
**कनपा–९, घैलाडुब्बा**

"यो नेप्पाली चइँ काङरेसमा चइँ पओनपुत्र हन्नुमानभन्दा जोडै बल्या, पाओरफुल र डाङडाङ-डुङडुङ गर्न हर्रामी च्याम्पेन मनुख्खे थे नि थिन त। लेकिन खाने बेलाँ बाइर निकाले जस्तो भइगो। दाँतमा डुङ्गो लाग्या झैँ भो हए पाँडे भाइ। मलाई झामट ट्र्यान्सिनले च्यापिरछ अस्ति आस्बिन मैनाको छब्बीस गते रोज एक आइतार कोजागर्त पुर्ने कै शुबलच्चेदेखनु। मैले तपइँसित नभनिराख्या कुरो यति मात्तै हो।"-भने आउँदा आउँदै गौँथलीको बाऊले धमाधम अनि मेरै छेउमा कुर्सी तानेर बसेपछि आँखा तन्काएर निधार चाउरी पार्दै निकै अथवा हाटको दिन भद्रपुर बजारको दुई नम्बर रोडस्थित बिहारी डुङ्ग गनाउने बजारमा बिक्ने बएल्लिएका लड्डु-मिठाइहरु जस्तै अमिलो हुन्छन् भने जत्तिकै राम्ररी थाहा थियो। अथवा गलगलिया, पानीट्र्याङ्की, नक्सबारीमा मेचीको बालुवा मिसेर नेपाली ग्राहकलाई बेचिने चिनी पनि उस्तै गुलियो हुन्छ भने जत्तिकै क्लेयरकट् थियो। त्यसैले उनका छिचरा कुराभित्रको चुरो कुरोको मेसो पक्रेर सोधेँ– "ए दाइ, नेपाली कांग्रेसमा त्यस्ता-त्यस्ता भयङ्कर बलिया-बलिया मान्छे चाहिँ को-को छन् हँ ?"

मान्नीय आलामले धम्की लाउँदै अजै मान्छे मराउँछुँ भन्र ठाढै भने। ....ए पाँडे भाइ, पर्जातन्त्र भन्या यइ त हो नि। दे दनादन, होइन्त।"

उनी खुशी हुँदै भन्दै गए– "पुल बनाउने मूलाको कसैले क्यारलेसै गर्दैन, पुल भत्काउनेको नाम जल्लाई पनि ठ्याक्क मालम हुन्छ। अमृकामा उत्रा-उत्रा करोडौं त नभनम् सइयौं तला भबन कल्ले बनायो ? ती भबन बनाउने मिश्री को थे भन्ने कसैलाई मालम छ ? तर हावाजाज लगेर डयाङ्ग ठोक्का'र चाइँनेकेरे झर्‍यामझुरुम पार्ने ओस्सामा बिन लाद्देनज्यूको नाम सिरि किस्नु, मादेउ, आर्को बिग्गोप्तिबड भन्तब्बे सार्भजानिक गलार्न् त ? कि चूप्प लागेर तेसबेला राजनीतिकको पोल्टिकल रेला गर्‍या मात्ते हो भन्लान् र ङिच्च अगाडिका दाँत मात्ते देखा'र बिनबिच्चमा खोक्न थाल्लान् त ?....यो टपिकमा बाँकी बचोत बात भोलि-पर्सितिर गर्दा पनि हुन्छ। आज चइँ म चोइटिउँ हए पाँडे भाइ।"....

उनी बोल्दाबोल्दै उठे र बाटो लागे। म एकपल्ट खिल्खिलाएर हाँसे र उनी गइरहेतिर हेर्दै मनमनै भनें– "पार्टीभित्र यस्ता अपराधी लादेन कति होलान् हँ ?" खोइ कुरै पो बुझिएन बा !"....

## लिम्पियाधुरा, लिपुलेक र कालापानीमा जनगणना गर्ने जिउँदा इतिहास:

# अग्रज पत्रकार 'भैरव रिसाल'

**इतिहास**



**भूवन तामाङ**

भारतले हालसालै निकालेको भनिएको भारतको नक्सामा नेपालको भू-भाग लिपुलेक र कालापानी समेत समेटेको घटनाको विरोधमा देशभर विरोध प्रदर्शन भइरहेका छन् । देशको सबैजसो स्थानमा लिपुलेक, कालापानी र लिम्पियाधुरा समेत नेपालको अभिन्न अंग हो, भारतले आफ्नो नक्सामा नेपालको भू-भाग समेट्न हुँदैन भन्दै देशभर विभिन्न राजनीतिक संगठन, नेतागण, संघ-संस्था, समूह, विद्यार्थीहरु, व्यक्ति विशेष अर्थात् नेपाली जनताहरुद्वारा विरोध कार्यक्रम आयोजना भइरहेका छन् । नेपाल सरकारले आफ्नो धारणा सार्वजनिक गरिसकेको छ । साथै विभिन्न विज्ञ, विद्वानहरुले पनि प्रमाण सार्वजनिक गरिहेका छन् । यसै मेसोमा 'लिम्पियाधुरामा जनगणना गर्ने मै हुँ, म जिउँदै छु' भन्दै अग्रज बरिष्ठ पत्रकार 'भैरव रिसाल' पनि सामाजिक सञ्जालमा प्रकट भएका छन् ।

अग्रज पत्रकार भैरव रिसालले लेखेका वि.सं. २०६६ मा प्रकाशित 'सुशीला भैरव' नामक उनको आत्मवृत्तान्त किताब यो पंक्तिकारले पनि प्राप्त गरेको थियो । तर, पंत्तिकारले सो किताब पढेको थिइन् । जब हालसालै भारतले प्रकाशित गरेको आफ्नो मानचित्रमा नेपाली भू-भाग लिपुलेक र कालापानी समेटेकोबारे चर्चा र विरोधका कार्यक्रम हुन थाले र अग्रज पत्रकार रिसाल पनि सामाजिक सञ्जालमा फुत्त देखा परे तब रिसालको उक्त पुस्तक पढ्ने हुटहुटी जाग्यो ।

**भैरव रिसाल :**

भैरव रिसाल मूलतः पत्रकार हुन् । वि.सं. २०२० साल देखि जीवनको ऊर्जाशील समय पत्रकारिता गरेर देशका लागि योगदान गरेका छन् । उनले राजा महेन्द्र र वीरेन्द्रको शासनकालमा सघन पत्रकारिता गरे । राससको पत्रकार उनले महेन्द्र र वीरेन्द्रको शासनकालका सबैजसो प्रधानमन्त्रीहरुको कार्यको रिपोर्टिङ्ग गरे । मन्त्री, मन्त्रालय, विभाग आदि लगायत धेरै उच्चस्तरीय तह र क्षेत्रको रिपोटिङ्ग गरे । विदेश भ्रमणमा निस्किएका नेपालका उच्चस्तरीय थुप्रै भ्रमण टोलीमा सामेल भएर विदेशबाट समेत रिपोर्टिङ्ग गरे ।

अग्रज बरिष्ठ पत्रकार भैरव रिसाल स्वभिमानी, निर्भिक, हक्की, इमान्दार पत्रकार हुन् भन्ने उनको कृतिले जनाउँछ । उनी कहिल्यै लोभमा परेनन् । लिन्न भन्दाभन्दै पनि एक पटक पक्रिया पुऱ्याएरै दिइएको अतिरिक्त पारिश्रमिक र एकपटक ठूलै ओहदाका हाकिमले सदासयतावश सय रुपैँया जबर्जस्ति खल्तीमा घुसारिदिँदा त्यतिखेर किन पो लिएछु भनेर थकथकी मानेको व्यहोरा रिसालले आफ्नो कृतिमा लेखका छन् । उनी हरेक प्रधानमन्त्रीको रोजाईको पत्रकार थिए । यति भएपछि पत्रकार रिसाल कस्ता गुणका र कुन स्तरका पत्रकार हुन् भनेर मजैले आंकलन गर्न सकिन्छ । उनी एक इन्साइक्लोपेडीया नै हुन् । उनको आत्मवृत्तान्त कृति चार सय चालीस पृष्टको छ । जसमा उनको पारिवारिक नालीबेलीसहितको आत्मवृतान्त समेटिएका छन् । जसलाई उनको जीवनी पनि भन्न सकिन्छ । अति फरस्याईला पत्रकार रिसालको आत्मवृत्तान्तमा कैयन तथ्य, सत्य, ज्ञान र रोचक प्रसंगहरु समेटिएका छन् ।



वि.सं. २०६८ र ६९ सालतिर यो पंक्तिकार रेडियो सगरमाथा ललितपुरमा काम गर्थ्यो । पत्रकार भैरव रिसाल 'उहिले बाजेको पालामा' नामक कार्यक्रम सञ्चालन गर्दथे । रिसाल अनुभवले खारिएका र उमेर पनि पाको हुँदै आएकाले रेडियोले 'उहिले बाजेको पालामा' नामक कार्यक्रम परिकल्पना गरेको हुनुपर्छ । कार्यक्रमका लागि विभिन्न अनुभवि व्यक्तित्वहरुको अन्तरवार्ता लिन जाँदा पंक्तिकार अन्तर्वार्ता केरर्डिङ्गका लागि प्राविधिकको रुपमा जान रुचाउँथ्यो । भैरव रिसाल कतिको स्वच्छ र उच्च छविका हुन् भन्ने कुरा अन्तरवार्ता लिइने व्यक्तित्वहरुले रिसाललाई गरेका आदारबाटै थाहा हुन्थ्यो । अवकाश प्राप्त विभिन्न उच्च निकाय प्रमुख, प्रशासक, विभिन्न उच्च घरानाका उद्योगी, व्यापारी व्यक्तित्वहरुको घरमा पुग्दा भैरव रिसललाई देख्नासाथ अन्त्यन्त खुशी भएका, असाध्यै रमाइलो मानेका र पुराना कुराहरु सम्झँदै रमाइलो मान्दै खिलखिलाएर हाँसेका देख्दा भैरव रिसालको उबेलाको प्रभाव कुन स्तर र गुणको थियो भन्ने जान्न सकिन्थ्यो । एकदिन सञ्चार क्षेत्रका केही मित्रहरुसहित पंक्तिकार समेत भैरव



रिसालले काठमाडौं अनामनगरको उत्तरतिर रहेको उनको तीनतले रातोरंगको पक्की घरमा पुग्दा उनको आत्मवृत्तान्त एक थान प्राप्त भएको हो ।

**लिम्पियाधुरा क्षेत्रमा भैरव रिसालको टोलीले गरेको जनगणना प्रसंग :**

भैरव रिसालले आफ्नो कृतिमा लेखेका छन्- 'राष्ट्रिय जनगणना २०१८ को दायित्व वहन गरी अहिलेको सुदूरपश्चिमाञ्चल जाँदा मैले एउटा ऐतिहासिक काम, त्यो पनि अत्यन्त देशभक्तिपूर्ण काम गर्ने अवसर पाएँ । सन् १८१६ मार्च ४ को सुगौली सन्धीले निर्धारण गरेको नेपालको पश्चिमी सिमाना लिम्पियाधुरा हो भन्ने अडान कायम गर्न म प्रमाणको रुपमा उभिन सकेँ' भनेर 'लिम्पियाधुरालाई नेपालको प्रमाणित गर्ने अवसर' शीर्षकको अनुच्छेदहरुमा रिसालले आफ्नो कृतिभित्र उल्लेख गरेका छन् । त्यतिबेला केन्द्रीय तथ्यांक विभागका डाइरेक्टर थिरबहादुर रायमाझीले रिसालको टोलीले जनगणना गर्नुपर्ने क्षेत्रको नक्सा हातैले बनाइदिएका थिए रे । जनगणनाको प्रसंग, कृतिमा २४० देखि २४९ पृष्टसम्म उल्लेख गरिएका छन् । उनले लेखेका छन्- 'हामीले लिम्पियाधुराका वरका वस्तीको जनगणना गराएका छौँ, किनभने त्यो नेपालको अभिन्न भू-भाग थियो । सुगौली सन्धीले काली (महाकाली) पूर्वको भाग नेपाल मानेको छ । महाकाली नदीको मुहान लिम्पियाधुरा नै हो । त्यसको म ज्यूँदो प्रमाण छु । अन्तर्राष्ट्रिय मान्यता अनुसार धेरैवटा खोला मिलेर एउटा नदी बन्दा जुन नदीको प्रवाह ठूलो छ, जुन नदीको लम्बाई बढी छ र जुन नदीको जलाधार क्षेत्र (क्याचमेण्ड) एरिया ठूलो छ नदीको नाम त्यै आधारमा राखिन्छ । लिम्पियाधुराको जलाधार क्षेत्रबाट बग्ने पानीको मात्रा सबभन्दा धेरै, लम्बाई पनि सबभन्दा लामो र जलाधार क्षेत्र पनि सबभन्दा बृहद् हुनाले पनि महाकाली क्षेत्रको मुहान लिम्पियाधुरा नै हो भन्ने प्रमाणित हुन्छ ।'

जनगणनाको काम वैशाखदेखि प्रारम्भ गरी असार आठ गतेभित्र सम्पन्न गर्ने जिम्मेवारी लिएर गएका जनगणना टोली प्रमुख भैरव रिसालले- 'त्यस भूभागमा बर्खे बसोबास गर्ने मान्छेहरुको मैले गणना गराएको छु । त्यसको म अहिलेसम्म ज्यूँदो प्रमाण हुँ' भनेर कृतिमा लेखेका छन् । उबेला नेपाल ३५ जिल्ला मात्रै थियो र दार्चुला बैतडी जिल्लामा र बझाङ डोटी जिल्लामा पर्दथ्यो । उनको टोलीले बैतडी र डोटी जिल्लामा जनगणना सम्पन्न गरेको थियो । नेपाली भू-भाग लिम्पियाधुरासम्म जनगणना सम्पन्न भएको थियो । वि.सं. २०१७ चैत्रमा काठमाडौंबाट हिँडेको रिसालको जनगणना टोली २०१८ असार ८ गते डोटीमै जनगणना दिवसमा सामेल भएको स्मरण गरेका छन् । भारतको बाटो समेत हिँडेको रिसालको जनगणना टोलीको यात्रा वृतान्त पनि कम रोचक छैन । कृतिमा रिसालले महाकाली नदी, शारदा बाँध र टनकपुर बाँधका बारेमा पनि आफूले देखेका कुरा उल्लेख गरेका छन् ।

आत्मवृत्तान्त अनुसार रिसालले पत्रकारको जागिरपछि गैससको जागिर अन्तर्गत थुप्रै जिल्लामा काम गरेका छन् । इलामको उत्तरी भेगमा कृषि परियोजनामा काम गरेको प्रसंग पनि कम रोचक छैन । नेपाल वातावरण पत्रकार समूह (नेफेज) काठमाडौंको अध्यक्ष समेत रहिसकेका व्यक्तित्व उनको थुप्रै सामाजिक कामका क्षेत्रमा पनि उस्तै राम्रो छवी रहेको छ । नेपालको सबै जिल्ला भ्रमण गरिसकेका अग्रज बरिष्ठ पत्रकार भैरव रिसालको आत्मवृत्तान्त नेपालको इतिहास र धेरै कुराको प्रमाण हो । आत्मवृत्तान्तभित्र समेटिएका प्रसंग यति रोचक किसिमले लेखिएका छन् कि पढ्न थालेपछि छाड्नै मन लाग्दैन । कृतिले पाठकवर्गलाई धेरै कुराको खुराकमात्र होइन ज्ञान दिन्छ । नेपाली भूमि 'लिम्पियाधुरा' नेपालकै हो भन्ने प्रमाण दिन्छ ।

कथा

# यौन व्यवसायीसँगको एकदिन



विमल लामिछाने

पत्रकारिता गरेको लामै समय भए पनि शहरीया परिवेश मेरालागि नयाँ थियो। बजारको नियमलाई उल्लघंन गर्दै बिहान ५ बजेअघि नै म उठ्ने गर्दथे। एकदिनको कुरा हो, करिब ६ बजेको थियो पत्रकारिताकै माध्यबाट चिनजान भएका साथी इन्द्रको फोन आयो... । हेलो तयारी रहनु है हामी ९ बजे एउटा कार्यक्रममा जानु छ। मैले जवाफ दिए- मेरो म्यागजिनको लागि एउटा रिपोर्टिङ्ग गर्ने योजना छ, आज मलाई फुर्सद मिल्दैन हओ। रिर्पोटिङ्ग पनि हुन्छ भिजिटिङ्ग पनि हुन्छ जानुपर्छ है। उनले ढेट गरेपछि मैले स्वीकारे चिनजानी भएको धेरै नभए पनि भेटघाट र उठबसको हिसावले हाम्रो मित्रता गाढा भइसकेको थियो।

उनी र म बिचमा फरक यति थियो कि उनी धनाड्य परिवारमा हुर्किएका थिए, म मध्यम वर्गको मान्छे। उनले दिएको समय हेर्दै म आफ्नो तयारीमा लागे। उनले दिएको समयमा हामी जम्मा भयौँ। उनैको स्कारपियोमा हाम्रो यात्रा अघि बढ्यो। करिब एकसय मिटर पर अरु दुई साथी थपिए, मानौ योजना बनाए जस्तै गरेर चारजना जवानको करिब एक घण्टाको यात्रापछि सधै झैँ चिया खाने निधो भयो। म तेसताका चियाको निकै पारखी थिएँ। त्यही भएर होला चिया खाने प्रस्तावलाई मैले सहज स्वीकारे। इन्द्रले स्कारपियो हुइक्याए र एक आलिसान महलको गेटभित्र



हुले। गेटमा बसेका पहरेले हाम्रो प्रवेशमा स्यालौट मारि रहेका थिए। मलाई पनि यो आलिसान महलको प्रवेश असहज भइरहेको थियो। तर, केही योजना होला भनेर सामानहरु लानु रहेछ क्यारे...। माल भन्नाले मलाई दोकानका सामान होला भन्ने लाग्थ्यो। इन्द्र फुर्केइलो पाराले आफ्नै शैलीमा फोनमा बोल्न थाले।'

'भान्जी चार थान माल लिएर अस्तिको ठाउँमा आउ है। हाम्रो एक राउन्टको चिया नसकिँदै हल्का मेकअपमा सजिएका सेतो र खैरो कपाल फररर छाडेका छोटो स्कट र जालिदार कमिज लगाएका चार युवतीको प्रस्थान भयो। इन्द्रले उनीहरुलाई हौसलाका साथ स्वागत गरे। हामी भने मुखामुख गर्न थाल्यौ। उनीहरुको यस्तो हल्का प्रस्तुती थियो कि मानौँ हामी सधैँ भेट भइरहने निकटका साथी हौँ। हामी बसेकोभन्दा ठीक अपोजिट सोफामा उनीहरु बसे। बिना संकोच उनीहरुले सबैलाई मामा सम्बोधन गरे र छिटो न भन्दै हतारिरहेका थिए। इन्द्रले हतार-हतार केही खुसुक्क भनुला झैँ गरेर जुरुक उठे र एउटीको कान फुके अनि हामीलाई भने- 'साथी हो ल माल छान्नुहोस् हैं...। मलाई बल्ल झस्का खुल्यो यसले माल भनेको त यो पो रहेछ ?

समय बित्न नपाउँदै इन्द्रले जुरुक्क उठेर चारमध्ये बीचकी एउटीको हात च्याप्प समाते उनी जरुक्क उठिन र मुसुक्क हाँसिन। बनावटी हाँसो जस्तै गरेर उनीहरु एकअर्काको अंगालोमा बेरिएर पर्दा पछाडि पसे। हामी तीन मध्येका एक पनि इन्द्रकै सिको गरे झैँ गरेर अर्को कोठाको पर्दा भित्र हराए अब हाम्रो नम्बर आइसकेको थियो। धेरै समय शून्यतामा रयो। म मनमनै सोचिरहेको थिएँ, यिनीहरु कसरी यो पेसामा लागे होलान् ? यिनीहरुसँग आन्तरिक कुरा खोतल्न सके न्यूज हुने थियो कि ? या हामीलाई यिनीहरुले नामर्द भन्दा हुन... या ... यस्तै खुल्दुली भइरयो।

शुन्यतालाई तोड्दै दुवैले एकै स्वरमा सोधे- सर, तपाईहरु...? साथी बोल्न नपाउँदै म अघि सरेर भने- हामी ऊ त्यो खुल्ला चौरीको कुर्सीमा जाऊ न है, उनीहरु मुखामुख गरेर हेरिरहे। न कि उनीहरुलाई लाग्दै थियो होला हामीबाट उनीहरुको रोजीरोटी नचल्ने भो। मेरो स्थान टनौटमा उनीहरुको असहजतालाई चिर्दै भए पनि चौरीतर्फ लाग्यौं। चौरीमा सजाइएका टेवल कुर्सीमा हाम्रो बसाई आमनेसामनेको भयो। बसाइको क्रमले चौरीमा पनि हाम्रो बसाई जोडी जोडी नै भयो। अर्को जोडीले के गफ गऱ्यो मैले चासो राखिनँ। तर, मेरो भागमा परेकी उनीलाई मैले सरल रुपमा प्रश्न राख्दै गएँ- उनी छिट्टै भावुक बनिन् र आँशु झारेर भक्कानिँदै आमालाई कुट्थे र पालैपालो बलात्कार गर्थे, आमाको आँखा अगाडि म चिथोरिँदा र मेरै अगाडि आमा लुछिँदा पनि निरीह बनेको त्यो समाजले हाम्रो पीडामा चूँ बोल्न सकेन।

यावत क्रममा समय बित्दै गयो, दुई वर्षपछि मेरी आमालाई पाठ्यघरमा घाउ भएको थाहा भयो, उपचार गर्न जाँदा धेरै पैसा लाग्ने भएपछि थप समस्या भयो। मैले आफन्त र नातागोता सबै गुहारेँ तर कसैले सहयोग गर्न चाहेनन्, म आमालाई मर्न दिने पक्षमा पनि थिइनँ, म पैसाको खोजीमा भौतारिरहेकी थिएँ। मेरो ठूलोबुबाले हामीसँग भएको घरखेत बन्दकी राख्ने भए उपचारमा खर्च सघाउने आश्वासन दिनुभयो, हामीले स्वीकार्यौं। तर, कागजी काम सकेर पूर्जा हातपारेपछि ठूलोबुवाले पैसा दिन आलटाल गर्दै जानुभयो, समय सार्दै जानुभयो र अन्त्यमा मैले पैसा दिन छैन, कागज बोल्छ भनेपछि हामीलाई षड्यन्त्रपूर्ण ढंगबाट फसाइएको रहछ। ठूलोबुवाले जे गर्छौ गर भन्दै हामीलाई घरबाट निकाल्नु भयो।'

बुबाको अभावमा हामीले धेरै हण्डर व्यहोर्नु परेको थियो। आमाको उपचार गर्नू मेरो दायित्व पनि थियो। म कामको खोजीमा भौतारिएकी थिएँ, त्यहीबेला छिमेकी काकाले मलाई शहरमा काम पाइन्छ भनेर काठमाडौं लानु भयो। मलाई एउटा होटलमा काम भनिदिएर काका घर फर्किनुभयो। म त्यही होटलमा भाँडा धुने काम गर्थें र आमालाई खर्च पठाउँथें। पछि म त्यही होटल मालिकबाटै लुटिएँ। अनि दिनदिनै होटल साहूले ग्राहकको सन्तुष्टीका लागि प्रयोग गरे। एक रातमा नौ दश जनासँग सुत्नुपर्थ्यो। त्यहाँबाट उम्कन मैले पटक-पटक प्रयास गरेँ। तर, पालेले समातिहाल्थ्यो। तीन महिनापछि साहू बाहिर गएको मौका छोपेर म भाग्न सफल भएँ। मैले होटलमा भएको ज्यादतीबारे मानवअधिकारवादी र एक महिला प्रहरीलाई पनि सुनाएँ। उनले ठीकै छ म बुझौला भनेकी थिइन्। तर, प्रहरीले होटलबाट कमिसन लिँदो रहेछ र उनीहरु पनि ग्राहकको रुपमा आउन पाउँदा रहेछन्।

म आमालाई भेट्न भनेर काठमाडौबाट हिँडेँ। त्यही दिन विहान आमाको देहवास भइसकेको रहेछ। अब त म बुवा-आमा बेगरकी टुहुरी भएँ। आमाको अन्त्येष्टी सकेर महिला सञ्जाल मार्फत न्याय खोज्न पुन काठमाडौ आउदै थिएँ। म चढेको गाडी बाटामा पम्पचर भयो। गाडी बनाउन झण्डै तीन घण्टा समय लागेका कारण म काठमाडौं ओर्लिदा साँझ परिसकेको थियो। बसपार्कबाट कहाँ जाने भनेर म सोचिरहेकी थिएँ। एकजना दिदीले मलाई बोलाइन्, मैले आफ्नो कामवारे बताएँ। उनले आज राति भयो, यतै बसौं भोलि सबेरै जानु, भनेपछि म उनीसँगै गएँ। बिहान उनले मलाई सहयोग गर्ने आश्वासन दिइन् र सँगै बानेश्वरसम्म गयौं, तर उनले मलाई एउटा होटलमा लगिन र मलाई आँखा छलेर होटल मालिकसँग खासखुस कुरा गरिन् मैले उनले मलाई फसाउन षड्यन्त्र गरेको कुरा सहज बुझिहाले। खोजीमा छु, भनेपछि उनीहरुले एउटा अफिसमा काम लगाइदिने बताए। केही समयपछि एउटाले बदाम किन्यो। अर्कोले चिसो किनेर ल्यायो र मलाइपनि बदाम दिए, म भेकाएकी थिएँ, बदाम खायौं। चिसो खान भने तर मैले नखाने भनेपछि मलाई अलिपरको दोकानबाट फ्रुटी किनेर ल्याइदिए। फ्रुटी खाएपछि मलाई रिगटा लागे जस्तो भयो। त्यसमा लट्याउने औषधि मिसाएको रहेछ, म बेहोस भएँछु। म होसमा आउँदा एयरपोर्टको पछाडीको चौरीमा थिएँ। मलाई उनीहरुले बलात्कार गरेर भागेछन्। म पागल जस्तै भएँ, मेरो दिमागले के गर्ने र के नगर्ने छुट्याउनै छाडिसकेको थियो। त्यसपछि मलाई धेरैले प्रयोग गर्दै गए। जतासतै हिँड्न थालेँ।

मसँग पौडेर तृप्ति लिनेको संख्या एकिन छैन। अहिले मेरो व्यवसाय नै अर्कालाई सन्तुष्टी दिनुभएको छ। म कहिले पोखरा बसेँ त कहिले विराटनगर, इटहरी र बिर्तामोड। मसँग कन्ट्याकमा आउने पछारिने, मलाई चुस्ने र सन्तुष्टी लिने धेरै छन्। कति दोहोरिन्छन् त कति तेहेरिन्छन्। कतिपय चिनेका आउँछन् त कति अपरिचित। तर, मलाई सबैले फ्रेस माल भन्छन्, त्यो किन हो उनीहरु नै जानुन्। तर, अहिलेसम्म मलाई कसैले यसरी सोधेको थिएन। न कि मैले बताउन चाहेकी पनि थिइनँ।

आज मलाई तपाईले यसरी सोध्दा मेरो बाबाको याद आइरहेछ, सायद म बाबाको साथ भएको भए मेरो यो कर्म हुने थिएन होला। मेरो बाबा पनि मलाई सानामा माया गरेर स्कुलबाट फर्केपछि दैनिकी सबै सोध्नुहुन्थ्यो। म खुलेर बाबासँग यसरी नै कुरा गर्थे ...।' उनी डाको छाडेर रुन थालिन्, भक्कानिएर मेरो छात्तीमा टाउको राखेर रुँदै भनिन्- प्लिज म तपाईलाई बाबा भन्छु है... ।

*(कथा सत्य घटनामा आधारित भए पनि कथाका पात्रको नाम काल्पनिक भएकाले कसैसँग मिल्न गए संयोग मात्र हुनेछ।)*


वाथ एक अटो इम्युन रोग हो।
समयमा उपचार गर्नाले वाथ रोग नियन्त्रण गर्न सकिन्छ।
वाथका लक्षणहरू:
जानकारीको लागि सर्म्पक नं:- ९८११३३५६२४
१) साना तथा ठूला जोर्नीहरु दुख्ने, सुनिने, कक्कक पर्ने ।
२) आरामको समयमा ढाड र जोर्नी बढी दुख्ने ।
३) विहानको समयमा शरीर अरठ्ठ हुने ।
४) मांसपेशीहरु दुख्ने, गल्ने ।
५) थकाई बढी लाग्ने ।
६) बारम्बार गर्भधारणमा समस्या आउने ।
७) घाममा अनुहार बढी रातो हुने वा पोल्ने ।
८) कपाल बढि झर्ने ।
९) मुख भित्र बारम्बार घाउ आउने ।
१०) चिसोमा औंलाहरु निलो, सेतो हुने ।
११) बारम्बार घाउहरु आइरहने ।
१२) खुट्टाको बुढी औंला वरिपरि रातो भएर दुख्ने ।
१३) कुर्कुच्चा पोल्ने, दुख्ने ।
१४) मांसपेशी कमजोर हुने ।
१५) खकारमा रगत देखा पर्ने ।
१६) लामो समयसम्म ज्वरो आउने ।
१७) आँखा बारम्बार रातो हुने ।
वरिष्ठ वाथ रोग विशेषज्ञ डा.अभिलाशा शाह
MBBS,MD (Internal medicine)
Fellowship in Reheumetology & Clinical Immunology (New Delhi India)
यस पटक यही मंसिर ६ र ७ गते शुक्रबार र शनिबार नर्भिक हस्पिटल काठमाण्डौबाट आउदै हुनुहुन्छ अग्रीम नाम दर्ता गर्नुहोस्
कन्काई हस्पिटल प्रा.लि.
KANKAI HOSPITAL PVT.LTD
बिर्तामोड, झापा फोन नं. ०२३-५४३८०७
"विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा"

वर्गीकृत विज्ञापन

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।

गिटी बालुवा चाहिएमा
झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा त-सम्पर्क गर्नहोला।

सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्रर्बो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'





हुले । गेटमा बसेका पहरेले हाम्रो प्रवेशमा स्यालौट मारि रहेका थिए । मलाई पनि यो आलिसान महलको प्रवेश असहज भइरहेको थियो । तर, केही योजना होला भनेर बोलेको थिइन । म जस्तै अरु दुई साथी पनि हाम्रो यात्राको गन्तब्य बारे अन्यौलमा रहेछन् । 'स्कारपयिो हलको पार्किङ्गमा छिऱ्यो र रोकियो । इन्द्रअघि लागे हामी पछि-पछि । उनकै तालमा हामी तेश्रो तलामा सटासट पुग्यौं, जहाँ दुबै पट्टि आधुनिक किसिमले सजाएका सफा टेवल र कुर्सीहरु थिए । इन्द्रले त्यही बस्न प्रस्ताव गरे ।

मैले प्रश्न गरे- हामी यहाँ किन आइरहेका हौं ? इन्द्रले हाँस्दै जवाफ दिए नो प्रोब्लोम । माल हान्ने हो क्या आज । मानौं उनी रेला गरिरहेका छन् । मैले सोचे पसलका केही नै भयो । अर्को जोडीले के गफ गऱ्यो मैले चासो राखिनँ । तर, मेरो भागमा परेकी उनीलाई मैले सरल रुपमा प्रश्न राख्दै गएँ- उनी छिट्टै भावुक बनिन् र आँशु झारेर भक्कानिँदै मेरा प्रश्नको जवाफ दिइरहिन् ।

केही समयपछि उनले आफ्नो जीवन जीउने बाध्यात्मक कलाको कथा यसरी सुनाइन्- 'मेरो बुबा आजभन्दा आठ वर्षअघि द्वन्द्वको बेला बेपत्ता हुनुभयो, बुबा बेपत्ता भएपछि घरमा आमा, म र सानी बहिनी मात्र भयौं, हाम्रो परिवार गरीब थियो, गरिबीका कारण समाजले पनि हामीलाई हेला गर्थ्यो, सानी बहिनीलाई माइजुले पढाइदिन्छु भनेर मावली लानुभयो, त्यो बेला पटक-पटक हाम्रो घर घेरिन्थ्यो, नकाबधारीहरुले बुबाको बयान सोध्थे, थाहा छैन भन्दा म र

पुन काठमाडौं आउदै थिएँ । म चढेको गाडी बाटामा पम्पचर भयो । गाडी बनाउन झण्डै तीन घण्टा समय लागेका कारण म काठमाडौं ओर्लिदा साँझ परिसकेको थियो । बसपार्कबाट कहाँ जाने भनेर म सोचिरहेकी थिएँ । एकजना दिदीले मलाई बोलाइन्, मैले आफ्नो कामवारे बताएँ । उनले आज राति भयो, यतै बसौं भोलि सबेरै जानु, भनेपछि म उनीसँगै गएँ । बिहान उनले मलाई सहयोग गर्ने आश्वासन दिइन् र सँगै बानेश्वरसम्म गयौं, तर उनले मलाई एउटा होटलमा लगिन र मलाई आँखा छलेर होटल मालिकसँग खासखुस कुरा गरिन् मैले उनले मलाई फसाउन षड्यन्त्र गरेको कुरा सहज बुझिहाले ।

म त्यहाँबाट एउटा बहाना बनाएर बाहिर निस्के र पुलिसको सहायता लिएर महिला सञ्जालको अफिसमा गएँ, मेरो कामबारे सवै बताएँ । तर त्यहाँ पनि एक हप्तापछि आउने आश्वासन मात्र पाएँ । मेरो सहारा कोही थिएन । खल्ती पनि रित्तो भइसकेको थियो । अब के गर्ने होला ? सडक पेटीमा उभिएर म सोचिरहेकी थिएँ । दुइभाइ जवान केटाले मलाई फलो गरिरहेका रहेछन्, उनीहरु मेरो छेउमा आए र कहाँ जान लागेको बैनी भनेर सोधे, मैले कामको


**KANKAI HOSPITAL PVT.LTD**
बिर्तामोड, झापा फोन नं. :०२३-५४३८०७



## झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।


**दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः**
**बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,**
**बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।**
**बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :**
**मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७**
**काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :**
**बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)**
**बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई**


## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

**(हल ए) हिन्दी सिनेमा**
पहिलो शो ११:४५ **PAGAL PANTI**
दोस्रो शो २:४५ **PAGAL PANTI**
तेस्रो शो ६:४५ **PAGAL PANTI**



**(हल बी) नेपाली सिनेमा**
पहिलो शो ११:४५ **Cha Cha hu-i**
दोस्रो शो २:४५ **Cha Cha hu-i**
तेस्रो शो ६:४५ **Cha Cha hu-i**





**बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।**
**फोन नं. ०२३-५४६४३६**

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- **गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको**
- **बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको**
- **शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,**
- **प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।**
- **प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।**

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
**नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)**

## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



**उपचार हुने समस्याहरु :**
- **कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने**
- **थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत**
- **पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर**
- **खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर**
- **महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट**
- **बाथ युरिक एसिड, कुम जाम भएको**
- **प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।**

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
**(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा**
**फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८**


# वर्गीकृत विज्ञापन


## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



**सम्पर्कः ९८१४९९३७१२, ९८६२६४८२८२ ९८४२६७७८५५, ९८२४९८११७४**

## आवश्यकता

**शिक्षक : २ जना**
***(सोसियल+होस्टल शिक्षक खानाबस्न छ)***
**कुक : १ जना वेटर : ५ जना**
**लेखापाल : १ जना (अनुभवी)**
**महिला इन्चार्ज : १ जना (३० वर्ष पुगेको)**
**पिनाकल जब्स केयर सर्भिस**
**बिर्तामोड, (९८१४९०४७६४, ०२३-५४४६६०)**

## जग्गा बिक्रीमा

बि.एण्ड.सी. हस्पिटलबाट ५ मिटर दुरीमा (हर्कलाल मार्ग छेउ) ४ पाटा मिलेको ८ धुर जग्गा सस्तो मूल्यमा बिक्रीमा छ ।
**मो. ०२३-५४५७५३, ९८१७९५४२३८**

## बारमासे कागती खेती ! गरौं है उन्नती !!

बारै महिना र धेरै मात्रामा फलिरहने सबभन्दा उन्नत जातको कागती खेती गर्न राम्रो बिरुवा चाहिएमा आजै सम्पर्क गर्नुहोस् ।
**सम्पर्क: ९८१७९३३५८२ ९८१३८४४९२९**

## सटर भाडामा

बिर्तामोड-शनिश्चरे रोडबाट अतिथि सदन रोडमा रहेको सटर (पसल तथा होटलका लागि उपयुक्त भाडामा छ । इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
**मो. ९८१४०५५८९४**

## गिटी बालुवा चाहिएमा

झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला ।
**सयपत्री**
**९८४२६५४४००, ९८०४९५४४००**

## पसल तु-बिक्रीमा

बिर्तामोडस्थित पूर्व-पश्चिम राजमार्गदेखि २०० किलोमिटर उत्तर हिमालय धर्मकाँटा-मातामन्दिर रोडमा रहेको अति चालू अवस्थाको होलसेल तथा खुद्रा । पसल तु-बिक्रीमा छ । इच्छुकले चाडै सम्पर्क राख्नु होला ।
**सम्पर्कः ९८५२६४५४२०/९८०१४४५४२०**

## सेक्युरिटी गार्डको आवश्यकता

**पुरुष/महिला संख्याः २५**
*सेक्युरिटी/फायर/फस्टएड सम्बन्धी फ्रि तालिम*
**इन्टर सर्भ सेक्यूरिटी ग्रुप प्रा.लि.**
*प्रधान कार्यालय अन्नपूर्ण चोक बिर्तामोड, झापा*
**फोनः ०२३-५४५७८२, ९८०६०६१७००, ९८४४६८६९७०, ९८०६०७५६७८**

## जग्गा बिक्रीमा


झापाको बिर्तामोड- ३ स्थित भद्रपुर रोडबाट पश्चिम व्यापारिक केन्द्र बिन्दुमै रहेको १४ धुर जग्गा बिक्रीमा छ । इच्छुकले सम्पर्क गर्नुहोला ।
**सम्पर्क : ९८१६९८४१५३, ९८०४९१३९८७**

## पत्रिका समयमा पाउनु भएको छैन ?

**मो. ९८०७९१०२२२**
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



**सम्पर्कः ०२३-५५०६२०**
**९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४**

## कर्मचारी आवश्यकता

Math & science Teacher : 1
*(for 7 class)*काँकरभिट्टाको लागि ।
English Teacher : 1
*(for 7 class)*काँकरभिट्टाको लागि ।
***टिचरको लागि बस्नको पनि व्यवस्था छ ।***
**किचन हेल्पर :** २ जना (इलामको लागि)
**वेटर :** ३ जना (महिला बिर्तामोडको लागि)
**सेल्समेन :** २ जना (काममा अनुभव भएको)
**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
**अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३**
**मो.: ९८२५९८७९००**

## आवश्यकता

**सेक्युरिटी गार्डः- ४० जना** *(महिला/पुरुष)*
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
**फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५**

## छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि
स्टाम (छाप)
अफसेट प्रिन्ट
स्क्रीन प्रिन्ट
फ्लेक्स प्रिन्ट
होर्डिङ्ग बोर्ड
लेमिनेशन
डिजिटल प्रिन्ट
घिमिरे अफसेट प्रेस बिर्तामोडमा




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
काम परे पनि लगनशीलताले विशेष उपलब्धि दिलाउनेछ । भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
पुरुषार्थी काम गर्दै लाभ उठाउन सकिनेछ । मेहनत गर्दा उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ । काम सम्पादन नभए पनि दिगो योजना बन्नेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
मनमा अध्यात्मभाव जागृत हुनाले परोपकारी काममा प्रवृत्त भइनेछ । तारिफयोग्य काम गर्दै किर्तिमानी हातपार्ने समय छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
बिहान रमाइलो देखिए पनि दिउँसोतिर अस्वस्थताले काममा जुट्न नसकिएला । साथ दिनेहरू नहुँदा दुःख पाइनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
बाध्यताले अप्ठ्यारो पार्न सक्छ । सामान्य काममा धन र श्रम समेत खर्च हुनेछ । गोपनीयता भंग हुनाले समस्यामा परिनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
सहयोगीहरू पछि हट्नेछन् भने कमजोरीको फाइदा अरूले उठाउन सक्छन् । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुऱ्याउनुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
विभिन्न भौतिक साधन प्राप्त हुनेछन् । दिन मनोरञ्जनपूर्ण र उत्साहवर्द्धक रहनेछ । व्यापार बढ्नेछ भने रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
धन तथा ज्ञानको भण्डार बढ्नेछ । मेहनतले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । प्रियजनसँग भेटघाट होला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
आतिथ्यपूर्ण सम्मान प्राप्त होला । गृहस्थी यात्रा रमाइलो रहनेछ । आफन्तहरूको साथले नयाँ आशा जगाउनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
बिहानको समय उपलब्धिमूलक रहनेछ । दिउँसो भने सानोतिनो समस्याले अल्झाउन सक्छ । चाडै काममा लागिपरे वेश होला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
वैधानिक प्रावधानले समस्या निम्त्याउने हुँदा अधिकारका लागि जुट्नुपर्नेछ । सानातिना काममै अल्झनुपर्दा लक्ष्यमा पुग्न बाधा पर्नेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
समस्या दोहोरिन सक्छन् । तापनि मेहनत गर्दा दिगो काम प्रारम्भ हुनेछ । सकारात्मक संकेत प्राप्त हुनेछ ।

# भद्रपुर विमानस्थल सञ्चालनमा



**भद्रपुर, मंसीर ६।** भद्रपुर विमानस्थलमा शुक्रबारदेखि हवाई सेवा सञ्चालनमा आएको छ।

झापाको चन्द्रगढी नागरिक उड्डयन कार्यालयले विमानस्थलको धावन मार्ग मर्मतसँगै स्तरोन्नति कार्य तोकिएको समय अवधि १० दिनभित्रै सम्पन्न गरेपछि विमानस्थलबाट हवाई सेवा सञ्चालनमा आएको हो।

धावन मार्ग मर्मत शुरु भएसँगै कात्तिक २६ गतेदेखि मंसीर ५ गतेसम्म विमानस्थल पूर्णरूपमा बन्द थियो। 'निर्माण कम्पनीले १० दिनको अवधिमा रातदिन खटेर मर्मत कार्य सकेको हो'- चन्द्रगढी नागरिक उड्डयन कार्यालयका प्रमुख पूर्ण चुडालले भने- 'शुक्रबारदेखि पुनः विमानस्थल सञ्चालनमा आएको हो, अबदेखि नियमित उडान हुन्छ।'

विमानस्थलको १५ सय मिटर लम्बाई र ३० मिटर चौडाइ रहेको धावनमार्ग जीर्ण बनेको थियो। जीर्ण बनेको धावन मार्ग १२ वर्षपछि मर्मत गरिएको हो। धावन मार्ग मर्मत सम्भारसँगै स्तरोन्नतिका लागि सरकारले १० करोड २३ लाख खर्च गरेको हो। भद्रपुर विमानस्थल बन्द हुँदा हवाई यात्रु विराटनगर भएर काठमाडौँका लागि उडान गर्न बाध्य भएका थिए।

नेपाल नागरिक उड्डयन प्राधिकरणले भद्रपुर विमानस्थलको स्तरोन्नतिसँगै धावन मार्ग विस्तार कार्यलाई दीर्घकालिक योजना बनाएरअघि बढेसँगै भद्रपुर विमानस्थलले काँचुली फेरेको छ। विमानस्थलमा इन्धन सेवा, वारुणयन्त्र, धावनमार्ग विस्तार, भवनको स्तरोन्नति लगायतका कामहरू गरिएको बताइएको छ।

